
# लेखापरीक्षण प्रतिवेदन

# गौर नगरपालिका, रौतहट

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गौर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/224

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुखज्यू,
गौर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
रौतहट।

## कैफियतसहितको राय।

हामीले गौर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ११ करोड ३३ लाख ४२ हजार, पर्यटन पूर्वाधार विकास आयोजनको रू. ५ लाख ७१ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ६८ लाख ८८ हजार समेत गरी रू. १२ करोड ८ लाख १ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको लागि संघीय सरकारबाट सशर्त अनुदान रू.२३ करोड ४८ लाख ९६ हजार, समपूरक अनुदान रू. ४५ लाख ९६ हजार र विशेष अनुदान रू.१ करोड ४८ लाख २८ हजार समेत रू. २५ करोड ४३ लाख २० हजार प्राप्त भएकोमा बर्षान्तमा खर्च हुन नसकी रू. ६९ लाख १५ हजार बचत रहकोमा उक्त रकम सोही आर्थिक वर्षमा संघीय सञ्चित कोषमा फिर्ता गरेको छ।
३. नगरपालिकाको लागि प्रदेश सरकारबाट समपुरक अनुदान रू. २० लाख र विशेष अनुदान रू. ३० लाख समेत गरी रू ५० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ९३ हजार बचत रहेको छ। उक्त रकम मिति २०८१/०३/३० मा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ।
४. नगरपालिकाको रू.१ अर्ब २८ करोड ८० लाख ६४ हजार लेखापरीक्षण गरिएकोमा रू. ४ करोड १३ लाख २३ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा रू. ४८ लाख २७ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरूजूमा असुल गर्नुपर्ने रू. १० लाख २१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. २ करोड ६ लाख ४०

हजार, नियमित गर्नुपर्ने रू.७९ लाख र पेश्की बाँकी रू. ६९ लाख ३५ हजार समेत यस वर्ष रू ३ करोड ६४ लाख ९६ हजार बेरूजू कायम रहेको छ। गत वर्षसम्म रू. ४४ करोड २२ लाख २५ हजार बेरूजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फर्स्यौट एवं यस वर्ष कायम बेरूजू समेत हालसम्मको अद्यावधिक बेरूजू रू. ४७ करोड ८७ लाख २१ हजार रहेको छ। **बेरूजू वर्गीकरण, अद्यावधिक बेरूजू स्थिति र बेरूजू सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

५. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य व्यहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षककोजिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६८ | ८७ | ४,१३,२२,८९६ | ० | १८ | ४८,२६,५६४ | ० | ६८ | ६९ | ३,६४,९६,३३२ | १०,२०,९५० | ७९,००,१७६ | २,०६,३९,८०७ | ० | ० | २,८५,३९,९८४ | ६९,३५,४०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रौतहट | ४४२२२५००० | ० | ० | ४४२२२५००० | ० | ३,६४,९६,३३२ | ४७८७२१३३२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४१ | सटर भाडा | ३,६०० |
| २ | २०८०/८१ | ५०.३ | विद्यालय संचालन र व्यवस्थापन | १२,००० |
| ३ | २०८०/८१ | 35 | राजश्व असुली | २,०६३ |
| ४ | २०८०/८१ | 83 | प्रमाण पेश | १,९९,९९९ |
| ५ | २०८०/८१ | 48.2 | पाठ्यपुस्तक | १,१७,१७७ |
| ६ | २०८०/८१ | 79 | परामर्श सेवा | २३,५८,७५० |
| ७ | २०८०/८१ | 49 | दिवा खाजा | ७२,९०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | 28 | जिन्सी दाखिला | १,७७,९७५ |
| ९ | २०८०/८१ | 47 | छात्रवृत्ति अनुदान | ८२,१०० |
| १० | २०८०/८१ | 78.2 | कृषि तथा पशुपंक्षी बजारीकरणका लागि एम्बुलेन्स | १८,००,००० |
| जम्मा | | | | ४८,२६,५६४ |

# (८०२२०४०६३०० - गौर नगरपालिका, रौतहट)

## परिचय

१ **परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस नगरपालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल २१.५३ वर्ग किलोमिटर तथा ६९,२८३ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षणको उद्देश्य**

स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण लेखापरीक्षण नीति मानदण्ड व्यवस्थापन प्रतिनिधित्व लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षणसम्पत्र गरिएको छ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार नगरसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

४ **लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

५ **लेखापरीक्षण सिमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण

गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

६ **लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०१ देखि २०८१ ।०८।०७ सम्म रहेको छ।

७ **वित्तीय कारोबारको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | चालु आ व को कारोवार | गत आ व को कारोवार |
|---|---|---|
| | जम्मा | जम्मा |
| राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| कर | ९,१२,८३,३६८.७३ | ८,८७,४५,९५३.६४ |
| अनुदान | ३८,५२,२९,३२५.४५ | ४५,१८,३७,२९८.४४ |
| अन्य राजस्व | १,४६,२९,१९५.८२ | ७४,३०,८०७.६५ |
| कुल जम्मा प्राप्ति | ४९,११,४१,८९०.०० | ५४,८०,१४,०५९.७३ |
| चालु | ३२,२२,५४,२३४.६४ | ३१,५९,२३,११२.१३ |
| पारिश्रमिक / सुविधा | १७,३२,५१,१६३.०० | १९,७१,५६,८५७.७१ |
| मालसामान तथा सेवाको उपयोग | १०,१४,६६,७११.६४ | ९,७२,१८,६०८.७२ |
| सहायता (Subsidy) | ० | १२,०५,७०६.०० |
| अनुदान | ४,६१,१५,५८०.०० | १,६२,९१,९९९.७० |
| सामाजिक सुरक्षा | ७,६६,५००.०० | ३४,३१,६८५.०० |
| अन्य खर्च | ६,५४,२८०.०० | ६,१८,२५५.०० |
| पूंजीगत | १९,५५,०२,३४८.०० | २०,७९,४९,०६८.२२ |
| भवन तथा संरचना | ५,८४,४०,५८६.०० | ४,३९,४१,८२५.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ९७,१८,८२६.०० | १,३५,५१,४५६.०० |
| सार्वजनिक निर्माण | १२,४८,४२,९३६.०० | १४,५०,३४,३२९.२२ |
| निर्मितसरचनाको सुधार खर्च | ० | ४,८५,६६८.०० |
| पूँजीगत सुधार खर्च | २५,००,०००.०० | ४९,३५,७९०.०० |
| वित्तीय | ४५,००,०००.०० | ३४,११,०००.०० |
| अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी | ४५,००,०००.०० | ३४,११,०००.०० |
| कुल जम्मा भुक्तानी | ५२,२२,५६,५८२.६४ | ५२,७२,८३,१८०.३५ |
| बचत /कमी (ग = क-ख ) | (३,११,१४,६९२.६४) | २,०७,३०,८७९.३८ |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ९,७३,१०२.०० | (१८,८८,४६३.००) |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (३,०१,४१,५९०.६४) | १,८८,४२,४१६.३८ |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | ५,२३,८२,२७२.०७ | ३,३५,३९,८५५.६९ |
| विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,२२,४०,६८१.४३ | ५,२३,८२,२७२.०७ |

पालिकाद्धारा पेश गरिएको आर्थिक वर्ष २०८०।८१ को एकीकृत आय व्ययको विवरण यस प्रकार छ:

| सि.नं | आय तर्फ | | सि.नं | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ५२५०३४६६ | १ | चालु खर्च | ३२२२५४२३५ |
| | क. नगद | | २ | पूँजीगत खर्च | १९५५०२३४८ |
| | ख. बैँक | ५२५०३४६६ | ३ | वित्तीय व्यवस्था भुक्तानी | ४५०००००० |
| २ | राजस्व (आन्तरिक आय) | १००५७५७९१७ | | क. ऋण भुक्तानी | |
| | क. आन्तरिक राजस्व | २१७०९३१९ | | ख. ब्याज भुक्तानी | |
| | ख. राजस्व बाँडफाँड | ८४०४८५९८ | | ग. अन्य भुक्तानी | |
| | ग. अन्य आय | | ४ | लगानी | |
| ३ | वित्तीय हस्तान्तरण संघ | ३६५०८४६६९ | | ऋण लगानी | |
| | क. वित्तीय समानीकरण अनुदान | ११०७६३००० | | शेयर लगानी | |
| | ख. सशर्त अनुदान | २३४८९६६८४ | | अन्य लगानी | |
| | ग. समपूरक अनुदान | ४५९६८१५ | ५ | धरौटी फिर्ता | १८६६४१२ |
| | घ. विशेष अनुदान | १४८२८१७० | ६ | अन्तर सरकारी खर्च | १२०८०२८८९ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | १३५४७५४६ | ७ | कोष फिर्ता | १४२२७२६९ |
| | क. वित्तीय समानीकरण अनुदान | ८६४१००० | ८ | मौज्दात | |
| | ख. सशर्त अनुदान | ० | | क. बैँक मौज्दात | १२९७१३७२ |
| | ग. समपुरक अनुदान | २०००००० | | ख. नगद मौज्दात | ० |
| | घ. विशेष अनुदान | २९०६५४६ | ९ | शसर्त अनुदान फिर्ता | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १० | गत बर्षको बढी अल्या | |
| ६ | अन्य | ९५६८४९९ | ११ | जनश्रमदान मौज्दात | |
| | क. क्षेत्रीय शहरी विकास योजना | | १२ | धरौटी मौज्दात | ८१२८०४२ |
| | ख. सडक बोर्ड नेपाल | ६०७७७९१ | १३ | कोष खाताको मौज्दात | ११६१२६७ |
| | ग. यूनिसेफ नेपाल | ६०९००० | | | |
| | घ. प्रदेश स्वास्थ्य निर्देशनालय | २४९५००० | | | |
| | ङ प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३८६७०८ | | | |
| ७ | विभिन्न कोषतर्फको आय | ३९५५१९४ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | जनसहभागिता (नगद) | ६५९७११० | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | १२०८०२८८९ | | | |
| १० | धरौटी आय | ३५९६५४४ | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | |
| १२ | अन्य विविध आय | | | | |
| | जम्मा | ६८१४१३८३४ | | जम्मा | ६८१४१३८३४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

८ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १२११९४ यस वर्षको प्राप्ति रु. १३७७६८४७७.७९ यस वर्षको भुक्तानी रु १३६८९६५६९.७९ र बैङ्क मौज्दात रु २०००० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ५२३८२२७२.०७ | ४९११४१८९० | ५२२२५६५८२.६४ | २२२४०६८१.४३ |
| एकिकृत आर्थिक विवरणअनुसार | ५२५०३४६६.०७ | ६२८९१०३६७.७९ | ६५९१५३१५२.४३ | २२२६०६८१.४३ |
| फरक | (१२११९४) | (१३७७६८४७७.७९) | (१३६८९६५६९.७९) | (२००००) |

९ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षाको रु ११३३४२५१६.१२, पर्यटन पुर्वाधार विकास आयोजनाको रु ५७१९०२ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ६८८८४७१ समेत गरी रु १२०८०२८८९।१२ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- कतिपय सड़क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ।
- जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

- पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको देखिएन।
- पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०/०३।१० मा रु ५८ करोड ७८ लाख ८० हजार ६ सय को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०३/२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। यसरी समयमानै बजेट पेश,स्वीकृत र अख्तियारी प्रत्यायोजन गरी बजेट कार्यान्वयनमा प्रभावकारी ल्याउनुपर्दछ।

### १२ खर्च बिश्लेषण

पालिकाले गत वर्ष आन्तरिक आय रु १७८३४००० प्राप्त गरेकोमा कुल खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३८ प्रतिशत रहेकोमा यसबर्ष कुल आन्तरिक आयबाट रु २१७०९३१८.५३ राजस्व बाँडफाँड र अनुदानबाट रु ४६२६८०८१३.४७ समेत रु ४८४३९०१३२ आम्दानी भएकोमा चालु तर्फ रु ३२२२५४२३४.६४ र पूँजिगत तर्फ रु १९५५०२३४८ समेत रु ५१७७५६५८२.६४ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१९ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु ९२१२५२५ खर्च भएको छ जुन आन्तरिक आयको ४२.४३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.५२ प्रतिशत चालु र ४०.३६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

### १३ क्षेत्रगत बजेट

स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस नगरपालिकाको आ.व. २०८०।०८१ मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३०२००००० | २८७९८२२० | ५.५१ |
| सामाजिक विकास | २८६४७९६४७ | २६६६१५४८६ | ५१.०५ |
| पूर्वाधार विकास | १४६२७३६३३ | ११५००६४८६ | २२.०२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २१९०००० | ११४०२८४ | ०.२२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १२८११९३२० | ११०७३०३०१ | २१.२० |
| **जम्मा** | **५९३२६२६००** | **५२२२९०७७७** | **१००** |

माथि प्रस्तुत तालिका अनुसार नगरपालिकाले सामाजिक क्षेत्रमा सबैभन्दा बढी अर्थात रु २८६४७९६४७ र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अर्थात रु २१९०००० विनियोजन गरेको छ। कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५१.०५ प्रतिशत तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम अर्थात ०.२२ प्रतिशत खर्च प्रगति भएको छ। यसरी सबैभन्दा बढि बजेट विनियोजन गरेको सामाजिक विकास क्षेत्रको खर्च गर्ने क्षमतामा सुधार गरी अपेक्षित विकासको नतिजा हासिल गर्ने तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ।

१४ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको (सुत्रको म.ले.प.फा.२७०) को अनुसूची-२४ अनुसार) बैङ्क हिसाब मिलान विवरणको स्थिती देहायअनुसार छ:

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | १२९७१३७२ | १२९७१३७२ | ० |
| २ | विविध कोष खाता | १०६५०७४ | १०६५०७४ | ० |
| ३ | आकस्मिक कोष खाता | ० | ० | |
| ४ | पूँजीगत खाता | ० | ० | ० |
| ५ | धरौटी खाता | ८१२८०४२ | ८१२८०४२ | ० |
| ६ | चालू खाता | ० | ० | ० |
| ७ | विपद व्यवस्थापन कोभिड | ९६१९३ | ९६१९३ | ० |
| जम्मा | | २२२६०६८१ | २२२६०६८१ | ० |

१५ **त्रैमासिक पूँजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु ५२ करोड २२ लाख ९० हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु १० करोड २५ लाख ६३ हजार अर्थात १९.६४ प्रतिशत, दोस्रो चौमासिकमा रु १५ करोड ६९ लाख ८१ हजार अर्थात ३०.०५ प्रतिशत, तेस्रो चौमासिकमा रु २६ करोड २७ लाख ४६ हजार अर्थात ५०.३१ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रु ६ करोड ४४ लाख ९६ हजार अर्थात २६.९३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ।

| **क्र.सं.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च (रु. हजारमा)** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोश्रो चौमासिक** | **तेस्रो चौमासिक** | **असार महिना** |
| १. | पूँजिगत खर्च | ५२२२९० | १०२५६३ | १५६९८१ | २६२७४६ | ६४४९६ |
| | प्रतिशत | १०० | १९.६४ | ३०.०५ | ५०.३१ | २६.९३ |

१६ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नाअनुसारका कुल योजनामा वजेट विनियोजन गरेको छ।

| **विवरण** | **रु १ लाख सम्म** | **रु १ लाख देखि २ लाखसम्म** | **रु २ लाखदेखि ५ लाखसम्मका** | **रु ५लाख देखि १० लाखसम्मका** | **रु १० लाखभन्दा बढीको** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| योजना संख्या | ० | ० | ३ | १३ | ११० | १२६ |
| जम्मा रकम | ० | ० | १०६ | १०६४ | १३७२९० | १३८४६० |

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। पालिकाले यस वर्ष जम्मा १२६ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका ३ वटा योजना छन् जुन कुल योजना संख्याको २.३८ प्रतिशत हुन आउँछ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## १७ विपद् व्यवस्थापन कोष

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। नगरपालिकाले गत वर्षको मौज्दात रू ४२४१३.८३ र यस वर्षको आम्दानी रु २५०००० समेत रु २९२४१३.८३ कुल आम्दानी भएकोमा रू १,९६,२२१ खर्च गरी बाँकी रु ९६१९२.८३ बाँकी देखिन्छ ।

## १८ सेवा प्रवाह सम्बन्धी विवरण

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ। उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २५ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९६५ |
| मृत्युदर्ता | २१५ |
| बसाईसराई दर्ता (सरी आएको २९ गएको २४) | २९ |
| विवाह दर्ता | ३२३ |
| सम्बन्धविच्छेद दर्ता | ० |

## १९ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो बर्ष थप भएको १२९ गरी कुल १४३ विवाद तथा उजुरी दर्ता भएकोमा यो वर्ष १०४ वटा मात्र फछ्र्यौट भई ३९ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## २० मूल्य अभिवृद्धि कर समायोजन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा जमानत वापतराखेको धरौटी फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायि वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर विवरण (मूल्य अभिवृद्धि कर समायोजन)पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले गो भौ नं.१०-०७।१३ बाट रु.२१००० सिद्ध बाबा निर्माण सेवा लाई ग्राभेल तथा नाला निर्माण गर्दा जमानत बापत राखेको धरौटि फिर्ता गरेकोमा कर समायोजन को प्रमाण पेश नगरी धरौटी फिर्ता गरेकोले कर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,००० |

## २१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले सुत्र बाहिरको पश्की बाँकीको विवरण पेश गरेको छैन।सुत्रको आधारमा म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.6935400 बाँकी रहेको देखिन्छ। उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| ३९ | २०८०।०६।२६ | विविध कार्यक्रम | चन्दन सिह | १७५००० |
| ५२ | २०८०।०७।०१ | लागु पदार्थ तथा दुर्व्यसन | अमिर कुमार गिरी | ४००००० |
| ५२ | २०८०।०७।०१ | बाल विवाह तथा छुवाछुत नियन्त्रणको लागि जनचेतनामुलक कार्यक्रम | अमिर कुमार गिरी | ४००००० |
| ९५ | २०८०।०८।०७ | पूजाआजा खर्च | अमिर कुमार गिरी | ४००००० |
| १९९ | २०८०।१०।०७ | खेलकुद विकासको लागि खेलकुद सामाग्री खरिद तथा वितरण | अमिर कुमार गिरी | २००००० |
| २०२ | २०८०।१०।०९ | विविध खर्च | सुजित कुमार कुशवाह | ४०००० |
| ७० | २०८०।१०।२४ | स्थानीय तह तर्फ मात्र तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्त सञ्चार न्यानो झोला निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | अमिर कुमार गिरी | ६००००० |
| ७० | २०८०।१०।२४ | पोषण विशेष कार्यक्रम | अमिर कुमार गिरी | २००००० |
| २२० | २०८०।११।०४ | नगर सरसफाइ सामाग्री खर्च | गेना पडित कुम्हार | ७०००० |
| २५५ | २०८०।१२।०५ | विविध कार्यक्रम खर्च | उत्तम कुमार उपाध्याय | १००००० |
| २५५ | २०८०।१२।०५ | क्षमता अभिवृधि तथा जनचेतना मुलक कार्यक्रम | उत्तम कुमार उपाध्याय | २००००० |
| १३९ | २०८१।01।28 | सबै स्थानीय तहहरुमा क्षयरोग मुक्त स्थानीय तह अभियानका विभिन्न किर्याकलाप | दिनबन्धु प्रसाद यादव | ३९३४०० |
| ७३ | २०८१।०३।१८ | सितभण्डार निर्माण कार्य | विल्डकन डिजाइन एण्ड डेभलर्पस प्रा.लि. | ३४००००० |
| १७६ | २०८१।०१।२१ | ओम शान्ति भवन निर्माण गर्ने कार्य | ओम शान्ति भवन निर्माण गर्ने कार्यको उ.स.गौर८ | ३५७००० |
| जम्मा | | | | ६९३५४०० |

| | |
|---|---|
| पेश्की | ६९,३५,४०० |

२२ **मेयर कप**

सार्वजनिक खरिद नियमावालीको नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी सोही नियमावलीको नियम ९५(३) मा ५ लाख भन्दा बढीको सेवा करारमा लिनुपर्दा १५ दिनको सूचना दिई जिल्लास्तरमा स्थानिय पत्रिकामा सुचना प्रकाशन गरी प्रस्ताव माग गरेर खरिद गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्थाको पालना नगरी पालिकाले मेयर कप क्रिकेट सञ्चालन गर्न रौतहट क्रिकेट संघलाई गो.भौ.न. २३१/११/११ बाट रु १० लाख भुक्तानी

गरेको देखिन्छ। कार्यक्रम प्रस्तावना र प्रतिवेदन संल्गन गरेतापनि कार्यक्रममा सहभागी, कार्यक्रम कार्यतालिका, अनुगमन प्रतिवेदन संल्गन गरेको देखिदैँन। त्यसैगरी खादा, गाम्छा, खाना नास्ता जस्ता विविध खर्चमा बढी खर्च गरेको देखिन्छ। पालिकाले नियमावलीको पालना गरी कार्यक्रमको प्रभावकारीता र मित्व्ययीता अपनाउने तर्फ ध्यान दिनुपर्दछ।

२३ **३० यूनिटसम्मको विद्युत महसुल भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। साथै उक्त ऐनमा प्रमुख प्रशासकीय अधिकृतले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले नगरपलिका भित्र बसोबास गर्ने नागरिकहरुको ३० यूनिट सम्मको विद्युतको महसुल भुक्तानी कार्यक्रम सञ्चालन गरेकोमा सो बापत रु ६,२६,९५१ भुक्तानी गरेकोमा प्रकृयागत ढिलासुस्तीले गर्दा जरिवाना समेत भुक्तानी गरेको देखिन्छ। अतः पालिकाले समयमै महसुल भुक्तानी गरी खर्च गर्ने प्रकृयामा सुधार गर्नुपर्दछ।

२४ **कर्मचारी व्यवस्था**

कर्मचारी व्यवस्था -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा सो गरिएको देखिएन। पालिकाले उपलब्ध गराएको दरवन्दी विवरण अनुसार उल्लेखित बाहेकका अन्य पदहरुमा दरवन्दी स्वीकृत नगराई निम्नानुसारको पदमा करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको नियमसंगत मान्न नसकिएको रु

| पद | पद सङ्ख्या | मासिक तलब (रु) | बार्षिक तलब (चाडपर्व खर्च समेत) |
|---|---|---|---|
| इन्जिनियर | १ | ४३,६८९ | ५७७९५७ |
| शिक्षा सह- संयोजक | १ | ७,४०३ | ९६२३९ |
| कम्प्युटर अपरेटर | २ | ३४,७३० | ९२२९८० |
| अमिन चौँथो | १ | १७००० | २३१००० |
| सहायक कम्प्युटर अपरेटर | १७ | १८,००० | ४१४८००० |
| सुपरभाईजर | ७ | २२,५०० (२जना) | ६०५००० |
| | | | |
| | | १८,०००(१जना) | २४४००० |
| | | | |
| | | १५,०००(५जना) | १०२५००० |
| जम्मा | | | ७८५०१७६ |

| | |
|---|---|
| अनियमित भएको | ७८,५०,१७६ |

२५ **करार तथा ज्यालादारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मित्वययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा खर्च गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पालिकाले कार्यसञ्चालन तथा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड विकास गरेको छैन भने स्थायी प्रकृतिका पदहरुमा समेत करार र ज्यालादारीमा भर्ना गरी भुक्तानी गरेको देखिन्छ। पालिकाले आवश्यकता पहिचान नगरी तथा कामको विवरण नखुलाई नगरपालिका र वडाहरुमा ज्यालादारीमा सम्झौता बेगर डोर हाजिरीका आधारमा भुक्तानी गरेको छ। पालिकाले करार र ज्यालादारीमा वर्षभरिमा रु २ करोड ७४ लाख ७३ हजार ३ सय खर्च गरेको देखिन्छ। पलिकाले आवश्यकता पहिचान नगरी करार र ज्यालादारीमा भुक्तानी गरेको प्रतिफल बिहिन कार्यमा खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्दछ।

२६ **तालिम खर्चको नर्म्स**

मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ अनुसार प्रदेश अन्तर्गतका कार्यालयहरुले निर्देशिकाले तोकेको दर अनुसार खर्च लेख्न सकिने तथा पालिकाहरुले आफ्नो खर्च मापदण्ड बनाउँदा सम्बन्धित प्रदेशको खर्च मापदण्डलाई आधार लिई खर्च मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिकाले आफ्नो खर्च मापदण्ड बनाई पारित गरी सोही प्रमाणित खर्च मापदण्डको आधारमा खर्च लेखेको छ। पालिकाले गैरसरकारी संस्था तथा अन्य कार्यक्रम सञ्चालन गर्दा निम्न मापदण्ड अनुसार भुक्तानी गरेको पाईयो। उक्त निर्णय मार्फत गरिएका खर्च तथा प्रदेश खर्च मापदण्ड र अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका अनुसार तुलना गर्दा देखिएका व्यहोरा निम्न छन्। पालिकाले संघीय र प्रदेश कानुनसँग एकरुपता कायम हुनेगरी दररेट निर्धारण गर्नुपर्दछ।

| **खर्च शिर्षक** | **नगर सभा निर्णय रकम (रु)** | **प्रदेश खर्चमापदण्ड २०७७ अनुसार** | **अर्थ मन्त्रालयकार्यसंचालन निर्देशिका २०७७ अनुसार** |
|---|---|---|---|
| कार्यक्रम संयोजक | १५०० | ४०० | ४०० |
| प्रशिक्षक अधिकृतस्तर (कार्यपत्र समेत) | १६०० (प्रति सेसन/प्रति कक्षा) | १८०० | १६०० |
| सहायक प्रशिक्षक (कार्यपत्र समेत) | १५०० (प्रति सेसन/कक्षा) | १४०० | १५०० |
| सहयोगी कर्मचारी (प्रतिदिन) | १००० | २५० | १५० |
| सहजकर्ता/टिपोटकर्ता (प्रतिदिन) | १००० | १००० | ९०० |
| खाजा | २०० | २५० | २०० |
| खाना | ४०० | ४०० | ४०० |
| स्टेशनरी (प्रति व्याक्ति) | १०० | १५० | १०० |
| तालिम सामग्री (प्रति तालिम) | २५०० | प्रचलित बजारदर | प्रचलित बजारदर |
| सहभागी यातायात खर्च | २०० | प्रचलित दर रेट अनुसार | २०० |
| उद्घाटन तथा समापन खर्च (प्रति तालिम) | १५०० | ३००० (विविध) | ३००० |
| प्रतिवेदन | २५०० | २००० | १५०० |

२७ **जिन्सी निरिक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन सो सम्वन्धमा कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा १ पटक आफै वा त्यस्तो मालसामान जिन्सी जिम्मा लिने कर्मचारी वाहेकको कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई सोको लिखित प्रतिवेदन तयार गर्नुपर्ने र सो प्रतिवेदनमा उल्लेख भए अनुसार मर्मत सम्भार गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने भए सो बमोजिम मर्मत तथा लिलाम बिक्रि गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ। पालिकाले जिन्सी निरीक्षण गरेको छैन। लेखापरीक्षणको क्रममा जिन्सीको एकिकृत विवरण माग गरेकोमा सोको विवरण पेश भएन। साथै नगरपालिकाले जिन्सी श्रेस्ता एकिकृत गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवद्ध गरी शाखाहरुलाई हस्तान्तरण गर्ने तथा सहायक जिन्सी खाता व्यवस्थापन गर्नुपर्दछ। वडाले खरिद गरेको जिन्सी सामग्री पाम्समा दाखिला गरेको छैन। पालिकाको जिन्सी लाई एकिकृत गरी PAMS मा अद्यावधिक गर्ने जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन तयार गरी प्रतिवेदनको आधारमा जिन्सी व्यवस्थापन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

२८ **जिन्सी दाखिला**

सार्वजनिक खरिद नियमावलीको नियम ९५ मा कार्यालयलाई खरिद गरी वा हस्तान्तरण भई आएका सम्पति तथा जिन्सी को विवरण जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाध्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण क्रममा पेश भएका फाइलमा देहाय अनुसार जिन्सी दाखिला

प्रतिवेदन संलग्न रहेको देखिएन। सोको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.न/ **मिति** | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| २४०/ ११।२० | खेलकुद सामग्री | राजन शाह | ७१,७०० | जिन्सी दाखिला र हस्तान्तरण पेश गर्ने |
| २१६/ ११।०३ | खेलकुद सामग्री | शान्ता कुमारी अधिकारी | १०२००० | जिन्सी दाखिला र हस्तान्तरण पेश गर्ने |
| जम्मा | | | १७३७०० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१७७,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७३,७०० |

२९ **गौरसरकारी संस्थामार्फत काम**

सार्वजनिक खरिद नियमावालीको नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। र त्यसरी गराउँदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने भनिएको छ। लेखापरीक्षण क्रममा पेश भएका देहायका फाइलमा पालिकाले नियमावली बमोजिमको कार्यक्षेत्रगत शर्त, लागत अनुमान, सूचना प्रकाशन जस्ता प्रक्रिया पुरा नगरी गैरसरकारी संस्थाबाट गरेको काम देखिन्छ। लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा देहाय बमोजिमका कार्यक्रममा संल्गन नरहेको प्रमाण कागजात पेश गर्नुपर्ने रुः

| गो. भौ.न./ मिति | कार्यक्रम | गैर सरकारी संस्था | रकम | प्रमाण पेश गर्नुपर्ने |
|---|---|---|---|---|
| १५७/०९।२२ | महिला हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम | मधेश एक्सप्रेस प्रा.लि. | ३,९७,००० | कार्यक्रमको लगतको आधार, वडाको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| १२१/०८।२२ | दाईजो प्रथा उन्मुलन तथा न्यूनीकरण सम्बन्धी | जागरुक समाज नेपाल | १,९९,६०० | कार्यक्रमको लगतको आधार, वडाको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| १०८/०८।२० | विद्यार्थीहरुलाई सडक अनुशासन सम्बन्धी जनचेतनामूलक कार्यक्रम | महिला तथा बाल विकास केन्द्र | २,०१,००० | कार्यक्रमको लगतको आधार, विद्यालयको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| ७५/०७।२० | बाल विवाह न्यूनीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम | जुही मिडिया प्रा.ली. | ३,९३,२०० | कार्यक्रमको लगतको आधार, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, वडाको सिफारिस, पाठ्यक्रम, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| ४०९/०३।१६ | बालबालिकाहरुका लागि ट्राफिक नियम सम्बन्धी | महिला तथा बाल विकास केन्द्र | २,४९,००० | कार्यक्रमको लगतको आधार, विद्यालयको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| ४४६/०३।२४ | लौङ्गिक हिंसा सम्बन्धी अभिमुखिकरण तालिम | एकीकृत दिगो विकास नेपाल | १,९९,९९९ | कार्यक्रमको लगतको आधार, वडाको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| ६०/०७।१७ | महिला हिंसा सम्बन्धी जनचेतनामुलक कार्यक्रम | दिपही युवा संजाल | ३,०८,५०० | कार्यक्रमको लगतको आधार, वडाको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| १५०/०९।०३ | महिलाहरुको क्षमता अभिवृद्धिका लागि जनचेतनामुलक कार्यक्रम | लाल मधेश मिडिया प्रा.लि. | २,९९,७०० | कार्यक्रमको लगतको आधार, वडाको सिफारिस, पाठ्यक्रम, कार्यक्रम कार्यतालिका, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र प्रशिक्षकको c.v./certificate |
| | | | प्रमाण पेश नगरेको | १६,३९,७९९ |

३० **अनुदान/सहायता वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कुनै व्याक्ति वा संस्थालाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। यस्तो आर्थिक सहायता वितरण गर्दा पालिकाले कार्यविधि तयार गरी सोही अनुसार वितरण गर्नुपर्नेमा सो समेत नगरी बजेट तथा कार्यक्रममा समवेश गरेर तथा कार्यपालिकाको निर्णयका आधारमा निम्न संघ/संस्थालाई अनुदान वितरण गरेको देखिन्छ। लेखापरीक्षणका क्रममा सम्बन्धित संस्थाको कार्यप्रगति र लेखापरीक्षण प्रतिवेदन पेश नभएकाले सो सम्बन्धमा एकीन गर्न सकिएन। सम्बन्धित संस्थाहरुको कार्यप्रगति र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्न रु ८,१२,०००

| गो.भौ.न/मिति | संघ/सस्था | अनुदान (रु) |
| --- | --- | --- |
| १०४/०८।१४ | नेपाल पत्रकार महासंघ | १,९२,००० |
| १०६/०८।१९ | नगरपालिका संघ | २,००,००० |
| १०३/०८।१८ | नेपाल रेडक्रस सोसाईटी गौर शाखा | १,२०,००० |
| ३१९/०१।२६ | रौतहट क्रिकेट संघ | ३,००,००० |
| जम्मा | | ८,१२,००० |

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | ८,१२,००० |

३१ **बैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धि ऐन २०७७ को अनुसूची १ मा नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष र सदस्यले पाउने बैठक भत्ता, दैनिक भ्रमण भत्ता र अनुगमन भत्ता सम्बन्धी व्यवस्था छ। पालिकाले पदाधिकारी बैठकमा रु २३ लाख ८६ हजार, अन्य भत्तामा रु ५० हजार, गत वर्षको भत्ता भुक्तानीमा रु ७६ हजार, कर्मचारी बैठक भत्तामा ९९ हजार १ सय गरी कुल रु २६ लाख ११ हजार १ सय खर्च गरेको छ जुन आन्तरिक आय रु २,१८,६३,९६६ को ११.९४ प्रतिशत देखिन्छ। पालिकाले कार्यपालिकाको निर्णयको आधारमा कर्मचारीहरुलाई भत्ता वितरण गर्ने गरेको छ भने यस सम्बन्धी कुनै कार्यविधि र मापदण्ड विकास गरेको छैन। यस्तो खर्चको उद्वेश्य उपादेयता प्रमाणित नहुने गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

३२ **भ्रमण अभिलेख एवं प्रतिवेदन**

भ्रमण खर्च नियमावली २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ। नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। कार्यालयले कर्मचारीहरुको अनुगमन तथा भ्रमण गरेको विवरण पेश गरी पालिकाले भ्रमण खर्च शिर्षकमा रु ४,२३,४४५ खर्च लेखेको छ। अधिकांश भ्रमण आदेशमा भ्रमण प्रयोजनमा काम विशेष नखुलाई कार्यालयको काम लेखेको तथा भ्रमण विल स्वीकृत नगरेको देखिन्छ। साथै भ्रमणको उपलब्धी सहितको भ्रमण प्रतिवेदन संलग्न राखेको पाइएन। कतिपय भ्रमण खर्चमा भ्रमण प्रतिवेदन समावेश गरेतापनि त्यस्तो प्रतिवेदनमा भ्रमणको उद्वेश्य र सो बमोजिम प्राप्त उपलब्धी जस्ता विषयवस्तु समावेश नगरी केवल अवधि र स्थानमात्र उल्लेख गर्ने गरेको पाइयो। नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३३ **कर संकलन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ।पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शिर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १७००००० | ११०४५०८ | ६५ |
| घरजग्गा वहाल कर | १५००००० | २२२५५८७ | १४८ |
| व्यवसाय कर | १०००००० | ८१७१५० | ८२ |
| वहाल विरौटी शुल्क | ६००००० | ७४८०८५ | १२५ |
| भुमिकर/मालपोत | ५००००० | ११६७५४० | २३४ |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १२००००० | १८८९९०० | १५७ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६०००००० | ६५३४७३३ | १०९ |
| अन्य मनोरञ्जन कर | १५०००० | ० | ० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ४५०००० | ० | ० |
| न्यायिक दस्तूर | २५००० | ७७२०० | ३०९ |
| शिक्षा क्षेत्रको आम्दानी | १००००० | १७०० | ० |
| पार्किङ्ग शुल्क | ५०००० | ० | ० |
| नक्सापास दस्तुर | १८००००० | २७०७९४१ | १५० |
| सिफारिश दस्तुर | १५००००० | ११६२५८९ | ७८ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २५०००० | ३७७१०० | १५१ |
| नाता प्रमाणित दस्तुर | ५०००० | ९८६३० | १९७ |
| अन्य दस्तुर | ३५०००० | ७५२२७४ | २१५ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २५००० | ० | ० |
| धरौटी सदरस्याहा | ८२०००० | ० | ० |
| अन्य राजस्व | ५७५०००० | २०४४३८२ | ३६ |
| जम्मा | २३८२०००० | २१७०९३१९ | ९१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ९१.१३ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ।अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ।

## ३४ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| केन्द्र तथा प्रदेश अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५९२२८२१५.४५ | २१७०९३१८.५३ | ८.३७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.३७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ।

३५ **राजश्व असुली**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **२,०६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८१७१५०।-कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेका छैनन्।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३७ **विज्ञापन कर**

प्रदेश आर्थिक ऐन, २०७७ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेख वा विद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्री बिज्ञापनमा स्थानीय तहले निर्धारण गरे बमोजिम पालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ। आर्थिक वर्ष २०८०।८१ मा नगरपालिकाले रु.१५५००० विज्ञापन कर संकलन गरेकोमा नगरपालिकाले उक्त ४० प्रतिशतले हुन आउने रकम रु.६२००० बिज्ञापन कर बाँडफाड बापतको रकम प्रदेश सञ्चितकोषमा दखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,००० |

३८ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ५८९५५० असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु

| क्र.सं. | ठेक्का विवरण | व्यवसायी | कबोल रकम | मूअकर |
|---|---|---|---|---|
| १ | स्थानिय पुर्वाधार शुल्क | श्री गढीमाई निर्माण सेवा गौर ४ | १२००००० | १५६००० |
| २ | गौर बसपार्क | गढीमाई निर्माण सेवा | ३३३५००० | ४३३५५० |
| जम्मा | | | | ५८९५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८९,५५० |

३९ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

४० **सवारी साधन भाडा**

नगरपालिकामा १ वटा जे सि बी, १ दमकल, १ ट्रायाक्टर १ वटा पानी ट्याङ्की र १ टेम्पो २ ट्याक्टर समेत गरि ७ वटा साधन चालु अवस्थामा रहेको देखिन्छ। फोहोरमैला व्यवस्थापनको लागि टेम्पो र ट्याक्टर प्रयोग भइरहेको भनि जनाएको देखिन्छ।नगरपालिकाले जे सि बि संचालन गरे बापत लगबुक पेश गरेको छैन।लगबुकपेश नभएकोले जेसिबि कुन कुन योजनामा कति समय काम गरेको भनि यकिन हुन सकिएन।नगरपालिकाले सार्वजनिक कार्यमा मात्र जे सि बि संचालन गर्ने गरेको भनि जानकारी दिएकोले नगरपालिकाले प्रति घण्टाको लागत अनुमान तयार गरी जे सि बि भाडा दर तोकी भाडामा दिई आन्तरिक राजस्व वृद्धि तर्फ ध्यान दिनुपर्दछ।

४१ **सटर भाडा**

सटर भाडा-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो मातहतका विभिन्न सटरहरु भाडामा लगाएको छ। लेखापरीक्षणको क्रममा यस आ.ब.मा उठ्नु पर्ने राजश्व रकम रु.१०५६०० दाखिला गर्न बाँकी रहेकोले सम्वन्धित व्यवसायी संग असुल गर्नु पर्ने देखिएको रु

| क्र.स | व्यवसायिको नाम | सटर नं. | मासिक रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | सुरेन्द्र सहानी | १ | | ४८०० |
| २ | शम्भु सहानी | २ | | १३२०० |
| ३ | बिल्टु सहानी | ३ | १२०० | १३२०० |
| ४ | सुरेन्द्र सहानी | ४ | | २४०० |
| ५ | चुल्हाइ राय यादव | ९ | | ८४०० |
| ६ | सरोज मुखिया | ११ | | १२००० |
| 7 | बासदेव सहनी | १९ | | ३६०० |
| 8 | गिता देवी | २६ | | २४०० |
| 9 | जय राम ठाकुर | मालपोत नजिकैको शौचालय | ७००० | ४२००० |
| जम्मा | | | | १०२००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,००० |

४२ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न १६सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री जुद्ध नमुना माध्यामिक विद्यालय गौर २ | ३९ | ३८ | १६ | २३४३ |
| २ | श्री टिकुलिया माध्यामिक विद्यालय गौर ४ | १७ | १३ | ७ | ८५२ |
| ३ | श्री माध्यामिक विद्यालय गौर ५ | १३ | ११ | ८ | ७९७ |
| ४ | श्री सरस्वती माध्यामिक विद्यालय गौर ७ | १० | ८ | ५ | ७३८ |
| ५ | श्री आधारभुत विद्यालय बालमन्दिर गौर ५ | २० | १६ | ७ | ७७३ |
| ६ | श्री आधारभुत विद्यालय सपगढा गौर ६ | ११ | ११ | २ | ९१५ |
| ७ | श्री आधारभुत विद्यालय पुरेनवा गौर ८ | ७ | ७ | २ | ४५२ |
| ८ | श्री भगवती आधारभुत विद्यालय गौर ८ | ५ | ५ | - | १६३ |
| ९ | श्री रत्नकन्या आधारभुत विद्यालय गौर ९ | ६ | ६ | ३ | ४९७ |
| १० | श्री आधारभुत विद्यालय महादेवपट्टी गौर २ | ६ | ६ | - | २१९ |
| ११ | श्री आधारभुत विद्यालय विद्यापती नगर गौर ३ | ४ | ४ | - | १४० |
| १२ | श्री बैजनाथ आधारभुत विद्यालय गौर १ | ७ | ७ | १ | ३५८ |
| १३ | श्री आधारभुत विद्यालय गौर १ | ५ | ५ | - | १५८ |
| १४ | श्री रामजानकी कन्या आधारभुत विद्यालय गौर २ | ३ | ३ | १ | १२१ |
| १५ | श्री आधारभुत विद्यालय गढवा गौर ४ | ८ | ८ | - | १९३ |
| १६ | श्री आधारभुत विद्यालय कारागार गौर ३ | १ | १ | - | ५९ |

पालिकाले आबश्यकतामा आधारित शिक्षक विधार्थी अनुपातमा शिक्षकको दरबन्दी मिलान गरी पदस्थापन गरीनु पर्दछ।

## ४३ शिक्षकको अभिलेख

कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८० को क्रियाकलाप १.१.३.३ र १.१.३.४मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको छ। जसमा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ।पालिकाले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

## ४४ शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न

स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। साथै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ। यस पालिकाले आ.वा.२०८०।८१ मा विद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिवेदन पालिकासँग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४५ **विद्यालयगत निकासा रजिष्ट्रर**

कार्यान्वयन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले सो निकासा रजिष्ट्रर प्रकृया र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता पुर्ण अद्यावधिक गरी राख्नु पर्दछ।

४६ **अनुगमन**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन। पालिकाले कार्यान्वयन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

४७ **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.८.४ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा १६ विद्यालयका २८६८ छात्रा,१२१३ दलित र १९ जना अपाङ्ग गरी जम्मा ४१०० जनालाई गो भौ नं.१६६-०२।२१ बाट रु.१६लाख ६८ हजार निकासा गरेको छ।IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन।साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन।अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा;

**छात्रवृतिमा बढी निकासा**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **३४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **४७,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **पाठ्यपुस्तक**

यस वर्ष निशुल्क पाठ्यपुस्तक तर्फ विद्यालयलाई ४९ लाख ३१ हजार निकासा गरेकोमा देखिएका व्यहोरा निम्न छन:

४८.१ **निशुल्क पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।तर पालिका अन्तर्गतका २० विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत रकम गो.भौ.नं १६१-०२।१३बाट ४२लाख ३१ हजार निकासा गरेको छ।उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण पेश भए नभएको यकिन तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी थप २५प्रतिशत गो.भौ.नं.२४६।०३।२३बाट ६ लाख ९९ हजार निकासा सहित जम्मा रु.४९लाख ३१ हजार अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन।यस सम्बन्धमा पाठ्यपुस्तक निकासामा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

४८.२ **पाठ्यपुस्तक अनुदानमा बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **११७,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **दिवा खाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलापन २.७.११.१ मा दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा तथा व्यवस्थापन विधिको छनौट गरी खाजा मापदण्ड बमोजिमको हुनेगरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा आमा समूह बनाई वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउनुपर्ने तथा सो अनुसार विद्यालयले दिवा खाजा खुवाए नखुवाएको स्थानीय तहबाट निरीक्षण अनुगमन गर्नुपर्ने तथा अनुगमन निरीक्षणबाट देखिएको व्यहोरा अनुगमन निरीक्षण पुस्तिका खडा गरी राय सुझाव समेत दिनुपर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष दिवा खाजामा १५ विद्यालयका ECD कक्षा १ देखि ५ सम्मका विद्यार्थी को लागि दिवा खाजा को लागि गो.भौ.नं.४२-०८।२० बाट ३९ लाख ८९ हजार साउन देखि कार्तिक सम्मको ५० दिनको लागि तथा गो.भौ.नं.१११-१२।२३ बाट पुष देखि असार सम्मको १३० दिनको लागि १ करोड ३ लाख ८२ हजार गरीजम्मा १करोड ४३लाख ६१ हजार खर्च लेखेको छ।यस सम्बन्धमा पालिकाबाट विद्यालयले कार्यान्वयन पुस्तिका अनुसार खाजा खुवाए नखुवाएको निरीक्षण तथा अनुगमन गरि सोको प्रतिवेदन पेश गर्नुपर्दछ।सो सम्बन्धमा देखिएका व्यहोरा;

**दिवाखाजामा बढी निकासा**

नमुनाको रुपमा केहि विद्यालयको दिवाखाजा अनुदान निकासा परीक्षण गर्दा विद्यालयको हाजिरी पुस्तिकमा भन्दा emis मा बढी विद्यार्थी संख्या राखि निकासा अनुदान दिएकोले तपोसिल बमोजिमका विद्यालय बाट असुल गर्नु पर्ने देखिएको रु

| विद्यालयको नाम | हाजिरी पुस्तिकामा वि.सं | EMIS बमोजिम वि.सं | बढी विद्यार्थी सं | दिन | दर | बढी निकासा |
|---|---|---|---|---|---|---|
| .मा.वि टिकुलिया | ४८३ | ५४९ | ६६ | १८० | १५ | १७८२०० |
| आ.वि विद्यापति नगर | १४५ | २०१ | ५६ | १८० | १५ | १५१२०० |
| जम्मा | | | | | | ३२९४०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **१६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **२४,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **३२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२९,४०० |

## ५० **विद्यालय संचालन र व्यवस्थापन**

विद्यालय संचालन र व्यवस्थापन तर्फ देखिएका व्यहोरा निम्न छन:

### ५०.१ **विद्यालय संचालन तथा व्यवस्थापन**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार मसलन्द र ईन्टरनेट जडान लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५०००।,माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२५०००। र उच्च माध्यमिक विद्यालयलाई रु.३००००।का दरले र ईन्टरनेट वापत रु.१२०००। निकासा दिन सकिने व्यवस्था छ। पालिकाले १६ विद्यालयलाई सो कार्यको लागि विद्यालय सुधारयोजना क्षमता विकास अतिरिक्त क्रियाकलाप सञ्चालनको लागि २लाख ६० हजार र विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि ३लाख १०हजार गरी जम्मा ५लाख ७०हजार निकासा भुक्तानी गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो को विल भर्पाई पेश भएको छैन।कार्यान्वियन पुस्तिकामा उल्लिखित शर्तहरुको पूर्ण रुपमा कार्यान्वियन गर्ने तर्फ विद्यालयले ध्यान दिनु पर्दछ।

| विद्यालयको नाम | विद्यालय सञ्चालन तथाव्यवस्थापन अनुदान | विद्यालय सुधार योजना क्षमता विकास अतिरिक्त क्रियाकलाप |
|---|---|---|
| श्री जुद्ध नमुनामाध्यमिक विद्यालय गौर २ | ३०००० | २०००० |
| श्री मा विटिकुलिया गौर ४ | २५००० | २०००० |
| श्री माध्यमिकविद्यालय गौर ५ | २५००० | २०००० |
| श्री सरस्वतीमाध्यमिक विद्यालय सिसवा विर्ता गौर ७ | २५००० | २०००० |
| श्री आधारभूतविद्यालय बालमन्दिर गौर ५ | २०००० | १५००० |
| श्री आधारभूतविद्यालय सपगढा गौर ६ | २०००० | १५००० |
| श्री आधारभूतविद्यालय पुरेनवा गौर ८ | २०००० | १५००० |
| श्री बैजनाथआधारभूत विद्यालय गौर १ | २०००० | १५००० |
| श्री रत्न कन्याआधारभूत गौर ९ | २०००० | १५००० |
| श्री आधारभूतविद्यालय महादेव पट्टी गौर २ | १५००० | १५००० |
| श्री राम जानकीप्रा वि गौर २ | १५००० | १५००० |
| श्री आधारभूतविद्यालय विद्यापति नगर गौर ३ | १५००० | १५००० |
| आधारभूत विद्यालयगौर १ | १५००० | १५००० |
| श्री आ विद्यालयगढवा गौर ४ | १५००० | १५००० |
| श्री भगवती प्राविद्यालय कुडवा गौर ८ | १५००० | १५००० |
| श्री आधारभूतविद्यालय कारागार गौर ३ | १५००० | १५००० |
| जम्मा | ३१०००० | २६०००० |

५०.२ **लेखापरीक्षण खर्च**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचयपत्र व्यवस्थापन,विद्यालय तथ्यांक व्यवस्थापन, बुलेटिन प्रकासन लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१०००० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.१५००० का दरले निकासा दिन सकिने व्यवस्था रहेको देखिन्छ।पालिकाले १६ विद्यालयलाई सो कार्यको लागि रु.१८०००० निकासा भुक्तानी गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सोको प्रतिवेदन पेश भएको छैन।कार्यान्वयन पुस्तिकामा उल्लिखित अनुसारको सामाजिक र आर्थिक लेखा प्रतिवेदन पेश गर्नुपर्दछ।

५०.३ **इन्टरनेट जडान**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१२** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५१ प्रति विद्यार्थी लागतको आधारमा सिकाई तथा डिजिटल सिकाई अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.५० मा विद्यालयको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा बालविकास देखि कक्षा १२ सम्मका विद्यार्थी संख्या यकिन गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम विद्यालयलाई एकमुष्ट अनुदान दिने उल्लेख छ। वि.व्य.स. ले अनुदान रकमको परिधिभित्र रहि आवश्यकताको प्राथमिकिकरण गरी कक्षागत रूपमा विद्यालय सुधार योजना जस्ता कार्यमा विद्यालयलाई कार्यान्वियन गर्न लगाउने व्यवस्था छ। नगरपालिकाले उक्त शिर्षकको अनुदन रकम नियमानुसार एकमुष्ट विद्यालयलाई नदिई ग्याजेड जोन (६०४३८६०४३) बाट १५ वटा i5-4/256GB ल्यापटप खरिद गरी भौ.नं.२१३-०८१।३।१२ बाट रू.१९,८५,६९२ भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा विद्यालयबाट ल्यापटप माग नभएको, विद्यालयको जिन्सीमा ल्यापटप दाखिला नभएको पाइयो। यसरी केन्द्रीय सरकारबाट जुन प्रायोजनको लागि अनुदान आएको हो सो अनुसार विद्यालयलाई निकासा दिनुपर्दछ।

## ५२ नमुना विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण तथा व्यवस्थापकीय अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित कार्यक्रमको अनुसूची १० को खण्ड "क" "ख" र "ग" मा उल्लेखित स्वीकृत गुरुयोजनाका आधारमा प्रति विद्यालय ३० लाख देखि ६० लाख सम्म अनुदान दिने व्यवस्था छ। नगरपालिकाले संघीय सशर्त चालुको भौ.नं.१६८-०८१।२।२२ बाट नमुना विद्यालय श्री जुद्ध माध्यमिक विद्यालय,गौर लाई रु.४५,००,००० निकासा दिएको छ। नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४(संशोधनसहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलापहरु निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रवास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पुरा गर्ने लगायतका कार्यक्रमहरु गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान उपलब्ध गराउनुपर्नेमा विद्यालय र स्थानीय तहबिच सम्झौता भएको छैन। अन्तिम लेखापरीक्षणको मितिसम्म पन अनुदान रकम खर्च नभई विद्यालय खातामा सञ्चित रहेको र अब अनुदान रकम खर्च हुने क्रममा रहेको शिक्षा शाखाले जानकारी गराएको छ।साथै अनुदान आर्थिक मसान्त सक्न १ महिना बाकी रहदा आएकोले खर्च हुन नसकेको विद्यालय तथा पालिकाको भनाई छ। संघीय सशर्त अनुदानबाट प्रत्येक वर्ष आउने बजेट आर्थिक वर्षको अन्त्यसम्म खर्च नभए नियमानुसार सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। तसर्थ, विद्यालय व्यवस्थापन र सञ्चालनको लागि नेपाल सरकारबाट दिएको अनुदान रकमको विद्यालयको गुरू योजना अनुरूप कार्यसम्पादन भएको प्रमाण पेश हुनुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

## ५३ स्यानेटरी प्याड खरिद

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। नगरपालिकाले मिति २०८१।२।१ मा दैनिक पत्रिका फ्रन्टलाइन खरबमा आवश्यक स्यानेटरी प्याड संख्या, लागत अनुमान रकम तथा प्याडको स्पेशिफिकेशन केहि उल्लेख नगरी सूचना आह्वान गरेको छ। संघीय सशर्त चालु शिर्षकको भौ.नं. २०५-२०८१/३/९ बाट प्रति प्याकेट रु.६९.३५ (मू.अ. कर समेत) का दरले २१४५७ प्याकेट स्यानेटरी प्याड रु.१४,८८,००२ को एन्जल टच हाइजनिक म्यानुफ्याक्चरीङ्ग (६०९८३३८९८) बाट र भौ.नं.१९०-०८१।३।२ बाट रू.९,८३,१०० को पियुष ट्रेडर्स एण्ड सप्लायर्स् (६१०२६४१४२) बाट गरी कुल रू.२४,७१,१०२ को प्याड खरिद गरी भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्ने व्यावस्था छ। पालिकाले स्यानेटरी प्याड खरिद शिर्षकबाट रू.१४,८८,००२ र अन्य शिर्षकबाट रू.९,८३,१०० गरी कुल रु. २४,७१,१०२ को स्यानेटरी प्याड खरिद गरेकोमा पालिकाले माग र आवश्यकताको आधारमा

संख्या र स्पेशिफिकेशन सहितको लागत अनुमान तयार गरेको छैन। नियमावलीको व्यवस्था अनुसार स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।

- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बूँदा नं ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बूँदा नं ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले गत विगतको खपतलाई आधार मानी विद्यालयको आवश्यकता र मागको आधारमा परिमाण निर्धारण गरी खरिद गर्नुपर्नेमा बजेटलाई आधार मानि खरिद गरेको छ। खरिद प्याडको गुणस्तर परीक्षण नगरी विद्यालयलाई वितरण गरेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ। साथै पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ ।

## ५४ टुक्रा औषधि खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैयाभन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सो अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै प्रतिष्पर्धा सिमित हुने गरी एकै प्रकृतिको कार्यलाई टुक्रा बनाई खरिद कार्य गर्न नहुने समेत व्यवस्था रहेको छ। नगरपालिकाले देहायका गो.भौ.नं. बाट पटक-पटक गरी रू.२२,४२,६६१ को औषधि सोझै खरिद गरी देहायका सप्लायर्सहरूलाई भुक्तानी दिएकोमा देखिएका व्यहोराहरू निम्नानुसार छनः

| गौ.भौ.नं.। मिति | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| २६- ०७/०१ | युदिप मेडिको सप्लायर्स | ३९२८०० |
| २७- ०७/०१ | एस.के.ट्रेडर्स | २१४७०० |
| ३८- ०७/०१ | जयसवाल फार्मेसी | ९८००० |
| ७५- ११।०३ | एस.के.ट्रेडर्स र कृष्णा ट्रेडर्स | १४७८१२ |
| १४२- ०१/३० | एस.के.ट्रेडर्स | २४१००० |
| १६७- ०२/२१ | एस.के.ट्रेडर्स | १४५४०८ |
| १८८- ०२/३२ | भक्ति ट्रेड कन्सर्न | ७०२९४१ |
| २०६- ०३/१० | मेदान्ता फार्मेसी प्रा.लि | १००००० |
| २६४- ०३/३१ | स्वा.शाखा प्रमुख दिनबन्धु प्रसाद यादवलाई औषधि खरिदको पेश्की फर्स्यौट | २००००० |
| | जम्मा औषधि खरिद | २२४२६६१ |

- औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन गरी एकमुष्ट रूपमा औषधि खरिद गर्नुपर्नेमा पालिकाले पटक पटक गरी सोझै खरिद गरेको छ। पालिकाको औषधि खरिदमा उल्लेखित नियमको पालना गर्नुपर्दछ।
- नगरपालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको छैन।औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रुपमा elmis प्रविष्टि गर्नुपदर्छ।

- आपूर्ति हुने औषधि WHO GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा औषधि खरिद गरेको कम्पनीको WHO GMP सर्टिफाइड पेश भएको छैन। तर्सथ, पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।
- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषयसँग सम्बन्धित सम्झौता नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले मूल्याङ्कन समिति नै निर्धारण नगरेको साथै विभिन्न सप्लायर्सबाट खरिद गरेकोले सम्झौता गरेको देखिएन जसले गर्दा गुणस्तर र स्पेशिफिकेसन नतोकिनुका साथै गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।
- निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेकोले पालिकाले खरिद गरेको र अन्य संस्था तथा सरकारबाट अनुदान प्राप्त गरेको औषधिको स्पष्ट जिन्सी दाखिला गर्नुपर्दछ ।

औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ

५५ **बर्थिंग सेन्टर**

सशर्त अनुदान अन्तरगत प्राप्त रकम सम्बन्धित काम मै खर्च गर्नुपर्ने प्रावधान छ ।पालिकाले बर्थिंग सेन्टर भवन निर्माणका लागि प्राप्त रकम औषधि र औषधिजन्य सामग्री खरिद गरी गो भौ ६९/३-१५ बाट रु.३४३८१२४ भुक्तानी गरेको छ। सो सम्बन्धमा बर्थिंग सेन्टर व्यवस्थापनको लागि रकम प्राप्त भएकोले वर्थिंग सेन्टरको औषधिजन्य सामग्री मै खर्च गरिएको पालिकाको भनाई रहेको छ।सशर्त अन्तर्गत प्राप्त रकम आर्थिक संकेत वर्गीकरण तथा व्याख्या ले निर्दिष्ट गरेको कार्यमै अन्यथा संशोधनको निर्णय गराई मात्र अन्यत्र खर्च गर्नुपर्दछ। पालिकाले खर्च शिर्षकको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५६ **गहुँको बिउ खरिद**

पालिकाले सशर्त (कृषि) तर्फ उन्नत जातको गहुँको बिउ ५०प्रतिशत अनुदानमा श्री किसान विउ उद्योग बाट गौतम जात,एन.एल.९७१,आदित्य,विजय जातको ३०४००केजी प्रति दर ७० कोदरले गो.भौ.नं.६०-१०।०४ बाट रु.१०६४००० मा खरिद गरी नगरपालिका भित्रका किसान लाई पालिकाले वितरण गरेको छ।यसरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन।यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरु र केही स्थानीय कर्मचारीहरुले समेत पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ।

५७ **पशुपालन कार्यक्रम सञ्चालन**

नगरपालिकाले पशुपालन कार्यक्रम सञ्चालनको लागि माँ जानकी फार्मालाई रू.५,२३,९०० को बिल पेशको आधारमा नगर चालु शिर्षकको भौ.नं. ४५८-०८१।३।३१ बाट रू.१,५०,००० भुक्तानी दिएको र रू.३,७३,९०० भुक्तानी दिन बाँकी दायित्वमा राखेको सम्बन्धमा देखिएको व्यहोराहरू यसप्रकार छनः

- पालिकाले ३ वटा फर्मको प्रस्तावना पेश गर्न लगाई माँ जानकी फार्मलाई अनुदान दिएको छ। नगरपालिकाले अनुदानको मापदण्ड तोकि फर्म छनौट गर्नुपर्नेमा मापदण्ड निर्धारण नगरेकोले छनोट प्रक्रिया पारदर्शी भएको देखिएन।

- माँ जानकी फार्मले मुर्रा जातको भैँसी २ वटा प्रति गोटा रू.१२००००, सेलेस्टिक जातको गाई ३ वटा प्रति गोटा रू.७००००, यमुनापारी बाख्रा १३KG को ५ वटा प्रति केजी रू.६००, यमुनापारी बोका ३४ के.जी. को १ वटा प्रति के.जी. रू.६०० र घाँसको बीउ १० के.जी. प्रति के.जी. रू.४५० गरी कुल रू.५,२३,९०० को बिल भुक्तानीको लागि पेश गरेकोमा पालिकाले रू.१५०००० भुक्तानी दिएको छ।

- नियमानुसार मुर्रा जातको भैँसीको ल्याब टेस्ट रिपोर्ट पेश गर्नुपर्नेमा फार्मद्धारा सो पेश भएको पाइएन। साथै मुर्रा जातको भैँसीको बीमाको कागजात स्थानीय प्रजातीको भैँसीको बिमा भनि उल्लेख रहेको देखियो। मुर्रा जातको भैँसी प्रमाणित हुने कागजात प्रमाण संलग्न नहरेकोले सो भैँसी मुर्रा रहेको यकिन गर्न सकिएन।

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वटा वडामा ९ वटा योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई काम दिएको अधिकतम १०० दिन वापत रु.५२७७२००।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५९ **उपभोक्ता समितिले बीमा नगराएको**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ को उप-नियम ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रू. २० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा सम्झौता रकममा वीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले देहायका रू. २० लाख भन्दा बढीको योजनाहरू उपभोक्ता समितिबाट सम्पन्न गराएकोमा नियमानुसार वीमा गराएको छैन। तसर्थ, पालिकाले उल्लेखित नियमानुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा अनिवार्य बीमा गराई सुरक्षित विकास निर्माण कार्य सञ्चालन तर्फ ध्यान दिनुपर्दछ।नमुना छनौटका आधारमा स्रेस्ता परीक्षण गर्दा देखिएका यस्ता योजनाहरूका केही उदाहरण यस प्रकार छनः

| भौ.नं.।मिति | उ.स.को नाम/ कामको विवरण | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|
| १०७-०८०।१०।२५ | अधुरो विवाह मण्डप निर्माण कार्य उ.स.-२ | २७०९८१९ | २७०१९११ |
| ७३-०८०।९।८ | राम जानकी मठ संरक्षण उ.स.-९ | २७१०५९७ | १९५५६७७ |
| १४७-०८०।१२।८ | पोखरिया टोलमा मदनी मिश्रण निर्माण गर्ने कार्य उ.स. | २१७७१९४ | २१७७१०३ |
| २०७-०८१।३।१४ | भगवती मन्दिर निर्माण उ.स.-१ | २७१२६३० | २७०८७४१ |
| २२६-०८१।३।१९ | सामुदायिक भवन रामजानकी मन्दिर निर्माण कार्यको उ.स.-७ | २७२६२४२ | २६६००६६ |
| २२७-०८१।३।१९ | अधुरो राम जानकी मन्दिर निर्माण कार्य उ.स.-६ | २१६६८४६ | २०४६७२८ |
| २५९-०८१।३।२४ | अधुरो सामुदायिक भवन निर्माण कार्य उ.स.-८ | २५१९९४१ | २६२१४५८ |

६० **नगर क्षेत्रभित्र ह्याण्डपाइप जडान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नाप जांचको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ह्याण्डपाइप जडान उपभोक्ता समिति-१ मार्फत ७० थान ह्याण्ड पाइप जडान गर्ने गरी सम्झौता गरी गो भौ ३/३-२४(प्रदेश) बाट रु. २९०६५४६ भुक्तानी गरेको छ । लागत अनुमानमा ७० थान जडान गर्ने भनिएकोमा प्राबिधिक मुल्यांकनमा ५० थान जडान र ७८ थान (हेड, HDPE पाइप. GI पाइप लगायत) आपूर्ति गरेको देखिन्छ।आपूर्ति गरिएको भनिएको ७८ थान मध्ये स्टोरमा २५ थान मात्र मौज्दात देखियो।सो सम्बन्धमा लाभग्राहिको मागको आधारमा वितरण भएको पालिकाको जवाफ रहेको छ। पालिकाले रू ३७४० का दरले ७८ थान हेड, ३३२ HDPE पाइप, ५८० GI पाइप लगातयका रू ५०३९५८ बराबरको हेन्डपम्प प्राबिधिक मुल्यांकन बेगर वितरण भएको भनिएको परिमाणको हेन्ड पाइप कसलाई कहाँ वितरण भएको हो सो को विवरण, जडित हेन्डपम्पको प्राबिधिक मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०३,९५८ |

६१ **बर्थिंग सेन्टर वडा ४**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्दछ।पालिकाले गो भौ ७६/३-२४ बाट एस एस कन्स्ट्रक्सनलाई भुक्तानी गर्दा बीमा बापत रु.७०००० समेत भुक्तानी गरेकोमा सो को कागजात संलग्न गरेको देखिएन ।नियमानुसार बीमा गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित संग असुल गर्नु पर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००० |

६२ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिक मूल्यांकन, उपभोक्ताले पेश गरेको वील भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गरी कार्यालय समक्ष पेश गरी प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । यसका केही उदाहरणहरू यस प्रकार छन्ः

| भौ.नं.।मिति | उपभोक्ता समिति/ योजनाको नाम | लागत अनुमान | मूल्याङ्कन रकम |
|---|---|---|---|
| १०७-०८०।१०।२५ | अधुरो विवाह मण्डप निर्माण कार्य उ.स.-२ | २७०९८१९ | २७०४०७३ |
| ६२-०८०।८।२९ | मुल सडकदेखि तेतरीको घरसम्म सडक ढलान कार्य | ७५८६०७ | ७५५०२४ |
| ६८-०८०।९।४ | रामएकवाल ठाकुरको घरदेखि श्रीनाथको घरसम्म नालामा स्लैव निर्माण उ.स.-७ | ४९०८९८ | ४८९५७५ |
| १०२-०८०।१०।२१ | अधुरो शैलेस मन्दिर निर्माण गर्ने कार्य उ.स.-२ | ७३१९०४ | ७३१९०४ |
| १११-०८०।११।३ | नहर सडकदेखि रामजस गिरिको घरसम्म माटोपुरी ग्राभेल गरी सडक ढलान कार्य उ.स. | ५४१६२७ | ५३८८२७ |
| ११४-०८०।११।४ | सोहन साहको घरदेखि राजमंगल साहको घरहुँदै मुख्य सडकमा नाला निर्माण कार्य उ.स.-३ | १०८३६७७ | १०८१०९७ |
| ११५-०८०।११।४ | अधुरो चित्रगुप्त मन्दिर निर्माण उ.स.-९ | १०८३८०४ | १०८३७०५ |

६३ **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ।

६४ **ग्राभेल कार्यको अभिलेख**

नगरपालिकाले बर्षेनी पालिकाभित्र ग्राभेल बिछ्याउने कार्य गरी लाखौँ भुक्तानी दिएको देखिन्छ। यो वर्ष पनि पालिकाले ग्राभेल हाल्ने कार्यको लागि भुक्तानी दिएको छ। यसरी वर्षैपिछे एउटै प्रकृतिको कार्य गराई भुक्तानी दिने गरेकोमा पालिकाद्धारा सो कार्यको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन। यसबाट उक्त ग्राभेल हाल्ने कार्य यो वर्ष नै भएको हो कि गत विगत वर्ष नै भएकोमा यकिन हुन सकेन। पालिकाले एउटै प्रकृतिको काम सम्पन्नको अभिलेख तयार गरी राख्ने र चालु वर्षमा ग्राभेल हाल्ने योजनाको विवरण बनाई कार्य थाल्नुपर्दछ। यसबाट काम भएकोमा आश्वस्त हुनुका साथै दोहोरो भुक्तानीको जोखिमलाई न्यून गर्न सकिन्छ। नगरपालिकाले चालु र गत वर्षको अधुरो भुक्तानी समेत ग्राभेल हाल्ने कार्यको लागि भुक्तानी दिएका केहि उदाहरणहरु यस प्रकार छनः

| भौ.नं.।मिति | योजना/ उ.स.को नाम | कार्य परिमाण | भुक्तानी दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३-०८०।६।१ | वडा नं.१ देखि ५ सम्म विभिन्न कच्ची सडकमा खाल्डोमा ग्राभेल हाल्ने कार्य। | ३११.७६ | ३१६४ | ९८६४०८ |
| ५-०८०।६।२ | वडा नं.६ देखि ९ सम्म विभिन्न कच्ची सडकमा खाल्डोमा ग्राभेल हाल्ने कार्य। | ३०७.३५ | ३१६४ | ९७२४५५ |
| १२७-०८०।११।२२ | चन्द्रेश्वर सहनीको घरदेखि जोगिन्द्र राय चनौको घरहुँदै नयाँ सडक निर्माण कार्य उस-४ | १३१.६७ | २४५०.७३ | ३२२६८७ |
| १३४-०८०।११।२९ | लालबाबु यादवको घरदेखि रामजानकी मठ हुँदै काशी मिश्राको घरसम्म माटोपुरी ग्राभेल कार्य | ५७.०३ | २४५०.७३ | १३९७६५ |

६५ **सडक बती जडान तथा मर्मत कार्य**

सार्वजनिकखरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसमान खरिद गर्नु अघि स्पेशिफिकेशन, विशेष आवश्यकता तथा अन्य विवरण तयार गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी नियम ११ मा लागत अनुमान तयार गर्दा स्थानीय बजारका प्रचलित दरभाउ अघिला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्ताविक लागत, उद्योग

वाणिज्य संघले निर्धारण गरेको दररेट, जिल्ला दररेट लगायतका कुरालाई आधार लिने भनिएको छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडामा सडक बती जडान तथा मर्मत कार्यको लागि देहायका सप्लायर्सहरूबाट खरिद गरी रू.३२,९४,२८६ भुक्तानी दिएको छ। पालिकाले उक्त कार्यको लागि लागत अनुमान नबनाई कोटेशन प्रक्रियाबाट खरिद गरी भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा सामानको गुणस्तर परीक्षण सहितको प्राविधिक मूल्याङ्कन संलग्न नगरेकोले उक्त कार्य गुणस्तरयुक्त रहेको आश्वस्त हुन सकेन। पालिकाले सम्बन्धित प्राविधिकबाट Quality and specification को परीक्षण गराई लागत अनुमान, नापी किताब सहितको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू..

| भौ.नं.।मिति | सप्लायर्सको नाम | भुक्तानी रकम | कार्य विवरण |
|---|---|---|---|
| नगरपालिका पूँजिगत | | | |
| २१-०८०।६।७ | एम.एस. इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल्स प्रा.लि. | ७६५५७५ | सडक बति जडान तथा मर्मत कार्य |
| २२-०८०।६।७ | नेपाल हाइमस्ट लाइटिङ्ग प्रा.लि. | ९८५९२५ | सडक बति जडान तथा मर्मत कार्य |
| २६-०८०।७।१ | यस जेनरल सप्लायर्स | ४४८५०० | सडक बति जडान तथा मर्मत कार्य |
| नगरपालिका चालू | | | |
| ४३५-०८१।३।२३ | रहमान सप्लायर्स एण्ड ट्रेडर्स् | ७४४२८६ | सडक बति जडान तथा मर्मत कार्य |
| २८५-०८१।१।३ | यस जनरल सप्लायर्स र रहमान सप्लायर्स एण्ड ट्रेडर्स | ३५०००० | सडक बति जडान तथा मर्मत कार्य |
| | जम्मा रकम | ३२९४२८६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,९४,२८६ |

६६ **सोलार लाईट जडान तथा मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले सोलार लाइट जडान तथा मर्मत कार्यको लागि एम.एस. इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिक्लस् प्रा.लि. (६०९८५९३८५) बाट सामान खरिद गरी रू.५,५५,९६० भुक्तानी दिएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्ने व्यावस्था छ। पालिकाले उक्त कार्यको लागि लागत अनुमान नबनाई कोटेशन प्रक्रियाबाट खरिद गरी भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा उक्त कार्यको गुणस्तर परीक्षण सहितको प्राविधिक मूल्याङ्कन संलग्न नगरेकोले उक्त कार्य गुणस्तरयुक्त रहेको आश्वस्त हुन सकेन। पालिकाले सम्बन्धित प्राविधिकबाट Quality and specification को परीक्षण गराई लागत अनुमान, नापी किताब सहितको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५५,९६० |

६७ **अमानतबाट कार्य**

सार्वजनिक खरिद ऐन तथा नियमावलीले खरिद विधिमा खुल्ला प्रतिस्पर्धाद्वारा उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य, गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ। यसै ऐनको दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार कार्य अमानतबाट गराउन सकिने र यसै नियमावली २०६४ को नियम ९८ अनुसार अमानत बाट कार्य गराउँदा एक तह माथि अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, अमानतबाट कार्य गराउन निर्माण सामाग्री ऐन नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनु पर्ने उल्लेख छ। यस पालिकाले सामान्य प्रकृतिको मर्मत संभार कार्य व्यक्तिलाई कार्यदेश दिई गरेको छ। ऐन नियमावलीको प्रावधान विपरित एक तह माथिको स्वीकृति नलिई, मर्मत संभारमा लाग्ने मालसामान समेत स्वयम् व्यक्तिले खरिद गर्ने गरी मर्मत कार्यको कार्यादेश दिई कार्य

गराउने काममा नियन्त्रण गरी ऐन नियमको पालना गर्नुपर्दछ। निम्नानुसारको खर्चमा पालिकाले दिएको भुक्तानीको विवरण यसप्रकार छन्:

| भौ.नं.।मित | भुक्तानी पाउनेको नाम | पद | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६४-०८०।९।४ | राम प्रवेश सहनी | स.क.अपरेटर-३ | सडक ढलान कार्य | ९७४०८ |
| १५५-०८०।१२।१९ | | | | ७९०७८ |
| ६५-०८०।९।४ | मो. मजिउर रहमान | कार्यालय सहयोगी | सडक ढलान कार्य | ७६९८२ |
| १३७-०८०।१२।४ | प्रियंका कुमारी मिश्र | कम्प्युटर अपरेटर | माटोपुरी ग्राभेल | ९४८२४ |
| | रघुवंश प्रसाद चन्द्रवंशी | कार्यालय सहयोगी-४ | ढलान कार्य | ९७२८२ |
| २७३-०८१।३।३१ | | | सडक मर्मत कार्य | ७५००० |
| १९६-०८१।२।२३ | श्री प्रकाश कुमार साह | कार्यालय सहयोगी | सडक मर्मत | ६५६४० |
| २१६-०८१।३।१६ | अमिर कुमार गिरी | सुपरभाइजर | सडकमा ग्राभेल कार्य | ८२८७६ |
| २५५-०८१।३।२४ | संतोष ठाकुर लोहार | कार्यालय सहयोगी | सडक मर्मत कार्य | ९६०३४ |
| २७३-०८१।३।३१ | दिपक कुमार पासवान | सहायक चौथौ | सडक मर्मत कार्य | ७५००० |
| | जम्मा रकम | | | ८४०१२४ |

## ६८ लाल बकैया नदीमा झोलुंगे पुल

पालिकाले हिमशिखर हिरा-लेखराज जेभी संग रु.४२७६०६१७ सम्झौता गरी लाल बकैया नदीमा २६९ मीटर स्पानको झोलुंगे पुल निर्माण कार्य सम्पन्न गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा:

### ६८.१ अभिलेख व्यवस्थापन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने व्यवस्था छ।त्यसैगरी नियम १३६ मा प्रचलित कानुन बमोजिम लेखा परीक्षण गर्न अधिकार प्राप्त निकायले खरिद कारबाही सम्बन्धी कुनै कागजात माग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो कागजात मनासिव समयमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ।झोलुंगे पुल निर्माण कार्यको लागि पालिकाले तेस्रो पटक सम्म सूचना आव्हान गरी बोलपत्र प्रस्तावदाता हिमशिखर हिरा-लेखराज जेभी संग सम्झौता गरी कार्य सम्पन्न गरेको देखिन्छ। बोलपत्र सम्बन्धी कागजात एवम् बोलपत्र मुल्यांकन लगायतका कागजात लेखापरीक्षण क्रममा पेश नहुँदा मुल्यांकन प्रक्रिया यथार्थपरक रहेको सुनिस्चित हुन सकिएन। पालिकाको हरेक कागजात र सो को अभिलेख व्यवस्थित संग राख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

### ६८.२ प्रमाण पेश गर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्दछ।पालिकाले हिमशिखर हिरा-लेखराज जेभी संग रु.४२७६०६१७ मा सम्झौता गरी सम्पन्न गरेको यस कार्यको भुक्तानीमा बीमा बापत रु.४५०००० र लमसम मा बिबिध खर्च भनेर रु.१००००० भुक्तानी गरेकोमा बीमा गरेको प्रमाण कागजात भौचर साथ संलग्न देखिएन भने बिबिध खर्च बापत के कार्य सम्पन्न भएको हो सो खुल्ने विवरण संलग्न छैन।सम्बन्धित निर्माणव्यवसायीले खर्च पुष्ट्याई हुने नियमानुसारको प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम सम्बन्धित बाट असुल गर्नु पर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५०,००० |

## ६९ कोल्ड स्टोरेज भवन निर्माण

पालिकाले कोल्ड स्टोरेज भवन निर्माणका लागि बिडकन डिजाइन एण्ड डेभलपर्स प्रा.लि.संग रु.२४८७६६५६ को सम्झौता गरेको छ, जसको सम्पन्न हुने म्याद २०८१-चैत्र मसान्त रहेको छ ।चालु आ.व. मा पेश्की बाहेक रु.९०९२६९६ भुक्तानी भएकोमा लेखापरीक्षण अवधी सम्म सो कार्य सम्पन्न भएको छैन ।पालिकाले कार्ययोजना बनाई समय मै सम्पन्न हुने तर्फ ध्यान दिनुपर्दछ । सो सम्बन्धमा देखिएका व्यहोरा:

६९.१ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधि भन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने व्यवस्था छ। पालिकाले कोल्ड स्टोरेज भवन निर्माण का लागि २०८१ चैत्र सम्मको सम्पन्न म्याद दिएकोले सो अनुसार कार्यसम्पादन जमानत २०८३ बैशाख सम्म हुनुपर्ने देखिन्छ। निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद २०८२ असार ७ सम्म मात्र रहेकोले अपुग अवधिको कार्यसम्पादन जमानत थप हुनुपर्दछ।

६९.२ **प्रमाण पेश गर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्दछ।पालिकाले बिडकन डिजाइन एण्ड डेभलपर्स प्रा.लि. लाई गो भौ ७५/३-२४ बाट रु.९०९२६९६ भुक्तानी गर्दा भुक्तानीमा बीमा बापत रु. १०४९६९ र बोर्ड बापत रु.२०००० भुक्तानी भएकोमा बीमा गरेको प्रमाण कागजात भौचर साथ संलग्न देखिएन भने फिल्डमा बोर्ड जडान भएको देखिएन।सम्बन्धित निर्माणव्यवसायीले नियमानुसारको प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम असुल गर्नु पर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२४,९६९ |

६९.३ **भेरिएशन् नगरी भक्तानी**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८(१)मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति वा सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन जारी गर्न सक्ने व्यवस्था गरेको छ।पालिकाले देहायको आइटममा सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको भुक्तानी गरेकोमा नियमानुसार स्वीकृत भेरिएशन आदेश संलग्न गरेको छैन। बढी परिमाण भुक्तानी सम्बन्धमा प्राबिधिक पुष्ट्याई सहितको स्वीकृत भेरिएशन आदेश पेस गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्ने रु.

| आइटम | BOQ (घ.मी) | MB | फरक | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| बाहिर बाट माटो ल्याई पुर्ने | ३१७ | ३४५ | २८ | १३५० | ३७८०० |
| ब्रिक वर्क | २२ | ५८ | ३६ | १४००० | ५०४००० |
| M२० | ४९ | ५२ | ३ | १३००० | ३९००० |
| फोर्म वर्क | २२० | २५५ | ३५ | ८०० | २८००० |
| **जम्मा** | | | | | ६०८८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०८,८०० |

७० **अनिल राज भण्डारी को घर देखि बासुदेव झा को घर सम्म नाला तथा सडक ढलान**

विधुतीय खरिद प्रणाली संचालन निर्देशिका २०८० को बुँदा ५(१) ले सार्वजनिक निकायले खुला बोलपत्र माध्यम बाट खरिद गर्दा अनिवार्य रुपमा विधुतीय प्रणालीको माध्यम बाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले रु.४२६२४४८ लागत अनुमान रहेको नाला तथा सडक ढलान निर्माण कार्य कार्य खरिद गर्दा हार्ड कपी बोलपत्र कागजात बीधि मार्फत रू ४०११२७१ मा सम्झौता गरी रू ३६३०८०६ मा सम्पन्न गरेको छ। त्यसैगरी सार्वजनिक खरिद ऐन २०६४ को दफा २७(३) ले बोलपत्रदाता लाई १५ दिन भित्र

सम्झौताका लागि सूचना दिनुपर्नेमा तीन दिन भित्र सम्झौता गर्ने पत्राचार गरेको छ। साथै २०८१-३-१३ मा सम्झौता गरी २०८१-३-२३ मा सम्पन्न हुने गरी म्याद दिएकोले सो कार्यको गुणस्तरीयतामा सवाल रहने जोखिम देखिन्छ।सो सम्बन्धमा प्रदेश बाट ढिलो बजेट निकाशा आएकोले अन्तिम समयमा छोटो अवधीमा सबै काम गर्नुपरेको पालिकाको भनाई रहेको छ ।पालिकाले खरिद कानूनका प्रावधान पालना गर्दै निर्धारित समयमै ठेक्का व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

७१ **समपुरक रकम दाखिला**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बूँदा नं (६) अनुसार आयोजना तथा कार्यक्रमको कुल लागतको अधिकतम पच्चास प्रतिशत रकम समपूरक अनुदान दिने व्यवस्था छ र सोही कार्यविधिको बूँदा नं (१०) मा प्रदेश तथा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरु बूँदा (४) बमोजिमको प्रस्तावमा तोकिएको समयभित्र सम्पन्न गर्नुपर्दछ सो अवधिभित्र आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रमहरु प्रदेश तथा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ। समपुरक अनुदान अन्तर्गत प्राप्त रकम बाट पालिकाले विश्वनाथ प्रसाद महतो घर देखि बसन्त श्रीवास्तब सम्म सडक ढलान गरी गो भौ ८६/३-२४ बाट सन कन्स्ट्रक्सनलाई रु.१९१५५७६ भुक्तानी गरेको छ ।संघ अनुदान ५०% र पालिका सहभागिता ५०% रहने गरी संचालित योजनाको समग्र भुक्तानी संघीय अनुदान शिर्षक बाट मात्र गरी खर्च लेखेको देखियो।पालिका सहभागिता बापतको ५०% रकम रु.९५७७८८ संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५७,७८८ |

७२ **प्रवेशद्वार ७ को निर्माण ठेक्का**

पालिकाले वडा ७ को प्रवेश द्वार निर्माणका लागि अनमोल निर्माण सेवा संग रु.६७२७९९९ सम्झौता गरेको र सो को सम्पन्न म्याद २०८२ चैत्र मसान्त सम्म रहेको छ ।सो योजनामा हाल सम्म कुनै भुक्तानी नभएकोले योजना समय मै सम्पन्न नहुने जोखिम देखिन्छ । पालिकाले कार्ययोजना बमोजिम कार्यसम्पादन गराउने तर्फ पहल गर्नुपर्दछ । सो सम्बन्धमा देखिएका अन्य व्यहोरा:

**कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधि भन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने व्यवस्था छ। पालिकाले प्रवेशद्वार ७ को निर्माण का लागि २०८२ चैत्र सम्मको सम्पन्न म्याद दिएकोले सो अनुसार कार्यसम्पादन जमानत २०८४ बैशाख सम्म हुनुपर्ने देखिन्छ। निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद २०८२ बैशाख ३० सम्म मात्र रहेकोले अपुग अवधिको कार्यसम्पादन जमानत थप हुनुपर्दछ।

७३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

७४ **जिल्ला दररेट भन्दा बढि दर निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेटमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ। अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री पालिका स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ। अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी पालिकाले दररेट तयार गर्नुपर्नेमा बाग्मती खोलाबाट ढुङ्गा बालुवा गिट्टी लगायत सामाग्री ढुवानी गर्ने गरी लागत अनुमानको आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ। बागमती खोलाको पौराइ घाटलाई आधार लिएर ढुवानी दिए पनि रोल्टी तिरेको प्रमाण पेश नगरेको कारण ढुङ्गा तथा ग्राभेल

कहाँ तथा कुन खोलाबाट ल्याएको यकिन हुन सकेन। स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ।

रौतहट जिल्ला दररेटमा ढुङ्गा तथा बालुवाको बागमती नदी पौराइ निरको घाटदेखि सदरमुकाम गौरसम्म करिब ५० देखि ५५ कि.मि. ढुवानी समेतलाई आधार मानेर दर निर्धारण गरेको र दुरी घटिबढि भए सोहि अनुसार लागत थपघट गर्ने भनिएको छ। गौर नगरपालिकाले केहि निर्माण सामग्री जस्तै- ग्राभेल, ईट्टा, बालुवा, सिमेन्ट जस्ता निर्माण सामग्रीमा जिल्ला दररेट भन्दा बढि दर कायम गरी आफ्नै नगर दररेट बनाएको छ जसले गर्दा निर्माण कार्यको लागि बढेको छ। तसर्थ, पालिकाले निर्माणका कार्यामा दर विश्लेषण गर्दा राज्यलाई आर्थिक व्ययभार नपर्ने गरी मितव्ययी तवले गर्नुपदर्छ।पालिकाले तयार गरेको नगर दररेट जिल्ला दररेट भन्दा बढि भएको केहि उदाहरण यस प्रकार छनः

| क्र.सं. | सामग्रीको नाम तथा ज्याला | जिल्ला दररेट (ढुवानी समेत) | नगर दररेट (ढुवानी बाहेक) |
|---|---|---|---|
| 1. | दक्ष कामदार | १०७० | ११०० |
| 2. | अदक्ष ज्यामी | ७४७ | ८०० |
| 3. | ५ मि.मि. देखि ६३ मि.मि.सम्म मिक्स ग्रेभल | २२०० | २५०० |
| 4. | १२.५ मि.मि. देखि ४० मि.मि.सम्म मिक्स ग्रेभल | २३०० | २५०० |
| 5. | सिमेन्ट ओपिसि (मूअ कर समेत) | ८५८.८ | ८७५ |

७५ **M20 मा बढि भुक्तानी (मूल्य अभिवृद्धि कर बाहेकको विश्लेषण)**

पालिकाले आफ्नो नगर दररेट जिल्ला दररेट भन्दा बढि राखी दर विश्लेषण गर्दा सडक ढलान तथा भवनमा कंक्रिटको काम गर्दा M20 मा मात्र देहायअनुसार बढि भुक्तानी भएको देखिन्छ। पालिकाले निर्धारण गरेको दररेट अनुसार भुक्तानी दिँदा अन्य निर्माणजन्य कार्यमा बढि भुक्तानी भई पालिकाको आर्थिक व्यय भार बढि भएकोले स्थानीय बजार अनुसार विश्लेषण गरी जिल्ला दररेटले तोकेको दरभित्र रहि निर्माण कार्यको भुक्तानी दिनुपर्दछ। नमुना छनौटका आधारमा परीक्षण गर्दा M20 मा मात्र बढि भुक्तानी भएका केहि योजनाका उदाहरण निम्नानुसार छनः

| भौ.नं.।मिति | उपभोक्ता समितिको नाम | कार्य घ.मि.मा | दिनुपर्ने रू. | दिएको रू. |
|---|---|---|---|---|
| ७-०८०।६।५ | सिर्सिया कालि मन्दिर देखि सेना क्याम्पसम्म सडक निर्माण उस-९ (फर्मा सहित) | ४८.११ | १०४६२.१५ | ११३९१.०५ |
| ८-०८०। ६।५ | सामुदायिक भवन तथा विवाह मण्डप निर्माण गर्ने कार्यको उस-२ | ६.०८ | १५३०१.३८ | १६६०७.५ |
| ६८-०८०।९।४ | रामएकवाल ठाकुरको घरदेखि श्रीनाथको नालामा सलैब निर्माण उस-७ | १९.७ | १०४६२.१५ | ११४९९.२१ |
| ७३-०८०।९।८ | वडा नं.९ को रामजानकी मठ संरक्षण उस | ३६.४ | १५३०१.३८ | १६६०७.५ |
| ११५-०८०।११। ४ | अधुरो चित्रगुप्त मन्दिर निर्माण कार्य उस-९ | २२.५३ | १५३०१.३८ | १६६०७.५ |
| १११-०८०।११। ३ | नहर सडकदेखि रामजस गिरीको घरसम्म माटोपुरी ग्राभेल गरी सडक ढलान कार्य उस | २६.९४ | १०४६२.१५ | ११५५९.१८ |
| ११४-०८०।११। ४ | सोहनसाहको घरदेखि राजमंगल साहको घरहुँदै मूख्य नाला निर्माण कार्य उस-३ | १४.३ | १०४६२.१५ | ११००३.७ |

७६ **टुक्रे खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक नियकायले वार्षिक १० लाख रुपैयाभन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सो अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै प्रतिष्पर्धा सिमित हुने गरी एकै प्रकृतिको कार्यलाई टुक्रा बनाई खरिद कार्य गर्न नहुने समेत व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायनुसार छः

- नगरपालिकाले यस वर्ष अधिकांश कार्य सडक तथा पुल मर्मत तथा माटो र ग्राभेल पुर्ने गरी रू. १० लाख भन्दा कमका योजना तथा कार्यक्रम स्वीकृत गरी देहायका निर्माण व्यवसायीबाट काम गराई रू.१,४०,५३,०४५ भुक्तानी दिएकोले खरिद व्यवस्थापनमा प्रतिस्पर्धा अपनाएको छ भन्ने कुरामा यकिन हुन सकिएन। तसर्थ, कार्यलयले एकै प्रकृतिका मिल्दो कार्यलाई एउटै प्याकेज बनाई सिलवन्दी तथा बोलपत्रको माध्यमावाट प्रतिस्पर्धा हुने गरी खरिद व्यवस्थापनको कार्य गर्नु पर्दछ। यस्ता खरिद कार्यका केही उदाहरण निम्नानुसार छन्;

| भौ.नं.।मिति | निर्माण व्यवसायीको नाम | पान नं. | भुक्तानी रकम | कार्य विवरण |
|---|---|---|---|---|
| १७-०८०।६।५ | फेम्को ग्रुप प्रा.लि. | ६०२४४२१३६ | ९६०५९६ | सडक तथा नाला निर्माण |
| ३६-०८०।७।२० | विकास निर्माण सेवा | ६०५८७८३७२ | ६३९७१६ | मन्दरि मर्मत तथा रंगरोगन |
| ८७-०८०।९।१५ | मनकामना निर्माण सेवा | ६०८६४०२६६ | ६२५५२१ | सडक मर्मत सम्भार तथा ग्राभेल |
| ९३-०८०।१०।४ | सफल निर्माण सेवा | ३०१७५४५३४ | ५७६६९२ | फुटपाथ तथा नाला निर्माण |
| ११९-०८०।११।१५ | माँ वैष्णवी निर्माण सेवा | ३०४८४२२१२ | ९९०७७८ | भवन निर्माण तथा मर्मत |
| १३०-०८०।११।२४ | आतिभ एण्ड अनमोल कन्सट्रक्सन | ६१०८५५५२६ | ९५७२८३ | रामजानकी मन्दिर निर्माण |
| १३५-०८०।११।३० | श्री गणपति निर्माण सेवा | ६१६४६०४३० | २८६५१६ | सडक ढलान कार्य |
| १६३-०८०।१२।२६ | महादेव निर्माण सेवा | ३०१७५४५३४ | २४६२२१ | फुटपाथ तथा नाला निर्माण |
| १६५-०८०।१२।२७ | ॐ कन्सट्रक्सन | १०३३७५०८१ | १८८६६० | सडक मर्मत तथा ग्राभेल कार्य |
| १७४-०८१।१।४ | रौनक कन्सट्रक्सन | ६२०३७६२११ | १४९३८० | मन्दिर परिसर ढलान |
| २२४-०८१।३।१९ | अनमोल निर्माण सेवा | ६०२८८८८७१ | ६८३७५५ | सडक ढालान कार्य |
| २५१-०८१।३।२३ | सन लाइट निर्माण सेवा | ३०२६६३८३३ | २७३८८२ | सडक ढलान कार्या |
| २५३-०८१।३।२४ | राष्ट्र निर्माण सेवा | ३०१७५६८५५ | ५७२२७६ | स्लैव निर्माण कार्य |
| २५८-०८१।३।२४ | सफल निर्माण सेवा | ३०१७५४५३४ | २२४३८८ | ग्राभेल कार्य |

७७ **ह्यान्ड पम्प खरिद तथा जडान**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले पालिकाभित्र ह्यान्ड पाइप जडानको लागि गत आर्थिक वर्षमा रानी सती हार्डवेयर एण्ड जेनरल सप्लायर्स् (६१७२५९७५६) बाट रू.२६,३०,६८९ को १.५ इन्ज डाइमिटर भएको ह्यान्ड पम्प र सोसँग सम्बन्धित सामग्री खरिद गरी रू.२३,२८,०४४ भुक्तानी दिएको र बाँकी चालु आर्थिक वर्ष २०८०।८१ मा भौ.नं.३०-०८०।७।१३ बाट रू...३,६०,६८९ भुक्तानी दिएको छ। नगरपालिकाले सो ह्यान्ड पम्प जडान तथा पक्कीकरणका लागि माण्डवी नेपाल गै.स.स. सँग सम्झौता गरेको छ। चालु वर्षको अन्तिम लेखापरीक्षण अवधिसम्म पनि उक्त ह्यान्ड पाम्प जडानको प्राविधिक नापी किताब सहितको कार्यसम्पादन मूल्याङ्कान पेश नगरेको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६०,६८९ |

७८ **कृषि तथा पशुपंक्षी बजारीकरणका लागि एम्बुलेन्स**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ख मा सार्वजनिक निकायलाई आवश्यक पर्ने सवारीसाधन त्यस्तो समान स्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा आधिकारिक बिक्रेता लाई कम्तिमा ७ दिनको लिखित सूचना दिई ति प्रस्तावदाता बाट प्राप्त स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुबिधा सहितको क्याटलग वा ब्रोसर बाट समान स्पेशिफिकेशन र गुणस्तर भएका मालसामानको उत्पादक वा आधिकारिक बिक्रेताको सूची तयार गर्नु पर्ने र सोहि सूची आधारमा खरिद गरिने मालसामानको परिमाण खोलि उत्पादक वा आधिकारिक बिक्रेता बाट तोकिएको मूल्य र सुबिधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्ने र त्यसरी पेश हुन आउने छुट र सुबिधाका आधारमा मूल्यांकन गरी न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाता छनोट गर्नुपर्ने र नियम ११० बमोजिम कार्य सम्पादन जमानत लिई सम्झौता गर्नुपर्ने प्रावधान रहेको छ।

७८.१ पालिकाले कृषि एम्बुलेन्स खरिदका लागि उत्पादक वा आधिकारिक बिक्रेता संग त्यसरी स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुबिधा सहितको क्याटलग वा ब्रोसर प्रस्ताव मागी समान स्पेशिफिकेशन र गुणस्तर भएका मालसामानको उत्पादक वा आधिकारिक बिक्रेताको सूची तयार नगरी कार्यालय को मार्फत स्पेशिफिकेशन र रु.१८००००० को लागत अनुमान तयार गरी पहिलो पटक शीलबंदी दरभाउपत्र आव्हान गरेकोमा कुनै प्रस्ताव पेश नभएको र दोस्रो पटक क्याटलग शपिंगको लागि सूचना आव्हान गरी पेश भएका एक मात्र प्रस्तावक दुगड ब्रदर एण्ड सन्स प्रा.लि. संग २०८१/२-२७ मा कृषि एम्बुलेन्स रु.१८००००० मा खरिद गरेको छ।समान स्पेशिफिकेशन भएका फरक फरक उत्पादक वा आधिकारिक विक्रेता संग मुल्य छुट/थप सुबिधाको प्रस्ताव माग्नुपर्नेमा स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्दा एक मात्र आधिकारिक विक्रेताले प्रस्ताव पेश गरेको र न्युनतम घटी दरमा खरिद गरेकोले खरिद प्रक्रिया प्रतिस्पर्धी भएको प्रति आश्वस्त हुन सकिएन।नियमको पूर्ण पालना प्रति कार्यालयले ध्यान दिनु पर्दछ।

७८.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१,८००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९ **परामर्श सेवा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४९०,०८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **३१०,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **५७७,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४८०,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८० **विविध/अतिथि सत्कार खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयद्धारा जारी गरिएको एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च संकेत नं (२२७११) विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन प्रदर्शन निमन्त्रण तथा भोजहरु सम्बन्धी खर्च कार्यालय सुरक्षा, सम्बन्धी आवश्यक खर्च प्रतिनिधिमण्डलको स्वागत र अतिथि सत्कार खर्च र अन्य कुनै शिर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ। पालिकाले विविध तथा सभा सम्मेलन खर्चमा रु २३,६०,९९० खर्च गरेको छ, जुन आन्तरिक आयको रु २,१८,६३,९६७ को १०.८० प्रतिशत देखिन्छ। कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड विकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन। विविध खर्चको उद्धेश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.न./ मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| ११५/ ०८।२१ | विभिन्न बिक्रेता/ आपुर्तिकर्ता | अतिथि सत्कार | ४,३२,००० |
| ४३३/ ०३।२३ | विभिन्न बिक्रेता/ आपुर्तीकर्ता | बैठक,मर्मत र अतिथि सत्कार | ७७,६०० |
| ४६१/ ०३।३१ | जितेन्द्र कुमार भारती | विभिन्न सभा,सम्मेलन उद्घाटन समापन विविध खर्च | १,५०,००० |

## ८१ वडा सञ्चालन खर्च

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी ९ वडामा २०८० साउन देखि २०८१ असारसम्म रु ७५०० का दरले जम्मा रु ८,१०,००० वडा संचालन र व्यवस्थापन खर्च बापत वडा सचिवलाई चिया नास्ता तथा विविध खर्च गरेको बिल संलग्न गरी वडाको सिफारिसका आधारमा बैठकको प्रतिलिपि संल्गन नगरी सोधभर्ना भुक्तानी गरेको छ। सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, वडा सचिव मार्फत भुक्तानी भएको देखिदाँ वडा खर्च संचालन गर्ने स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

## ८२ सुचना प्रकाशन र छपाई

विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधन समेत) को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन। गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले मिति २०७४/४/२३ को पत्रमा सरकारी बिज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नितीगत ब्यवस्था गरेको उल्लेख छ। गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा बिज्ञापनमा २० देखि ६० प्रतिशत सम्म छुट दिने गरेको देखिन्छ। पालिकाले सरकारी बिज्ञापन प्रकाशन गर्दा सुचनाको साईज उल्लेख नगर्दा सानो साइजमा छपाई गरेपनि हुने विज्ञापन साइजमा ध्यान नदिएको, सुचना छपाई गर्न कार्यादिश नदिईएको, छुट प्रतिशत लिनको लागी सुचना प्रकाशन गरी दररेट कायम नगरेको र उल्लेखित ब्यबस्था बमोजिम छुट प्रतिशत नलिई अधिकतम १० देखी १५ प्रतिशत सम्म मात्रै छुट लिएको, कतिपयमा सुचना प्रकाशन मिति खुल्ने

गरी प्रमाण कागजात राखेको देखिदैँन। पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ११ लाख ४ हजार ६ सय ८० खर्च गर्दा उक्त प्रावधानहरुको पालना गरेको देखिएन। पालिकाले यस तर्फ ध्यान दिनुपर्छ।

| गो.भौ.न/मिति | भुक्तानी पाउने | रकम | कौफियत |
|---|---|---|---|
| ९८/०८।१२ | रौतहट एफ.एम | २,३६,१७० | सुचना प्रशारणको प्रमाण पेश नगरेको |
| ३६१/०३।०६ | फुलराजो मिडिया प्रा.ली | १५,००० | कार्यदेश नभएको |
| २७७/१२।१२ | शार्वी पोष्ट दैनिक | १२,००० | आन्तरिक आयको ठेक्का सुचना स्थानिय प्रत्रिकामा प्रकाशन |

८३ **प्रमाण पेश**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ। सोही नियमावलीको नियम ४१ मा सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको यकिन गर्नुपर्ने उल्लेख छ। तर नगरपालिकाले निम्न गो.भौ.न.बाट भुक्तानी गरेको प्रमाण कागजात अपुग रहेको देखिन्छ। सोको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.न./मिति | कार्यक्रम/खर्च | भुक्तानी पाउने | रकम | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|---|
| १९२/१०।०४ | जनचेतनामुलक कार्यक्रम | प्रविण पाण्डे | १२,००,००० | TOR, लगत स्टिमेट, विद्यालयको सिफारिस, सक्कल विल, भरपाई, कार्यक्रमको प्रस्तावना र कार्यसम्पन्न प्रतिवेदन |
| ४४२/०३।२३ | लामखुट्टे नियन्त्रण | पियुस ट्रेडर्स | ४,५७,६५० | गो.भौ. पेश गर्ने र खर्चको पुष्टाई |
| ४५०/३।२४ | | न्यू सिष्टी हार्डवेयर एण्ड सप्लायर्स | १,५६,३३४ | सक्कल बिल र खर्चको पुष्टाई पेश गर्ने |
| ४५४/३।२४ | जनप्रतिनिधिलाई व्याग वितरण | राधाकृष्ण ट्रेड एण्ड सप्लायर्स | १,०९,०६० | भौचर र वितरणको भरपाई पेश गर्ने |
| ४६१/०३।३१ | सवारी मर्मत | जोगिन्द्र राउत कुर्मी | ५०,००० | जेसिवि मर्मत दाखिला पेश गर्ने |
| ४६३/०३।३१ | सभा सम्मेलन खर्च | जितेन्द्र भारती | १,५०,००० | प्रमाण पुष्टाई पेश गर्ने |
| ४६४/०३।३१ | विविध कार्यक्रम खर्च | शान्ता कुमारी अधिकारी | १,००,००० | प्रमाण पुष्टाइ पेश गर्ने |
| ४६५/०३।३१ | यौन दुर्व्यवहार जनचेतना सम्बन्धी | प्रमोद कुमार क्षेत्री | २,७५,००० | सम्बन्धित वडाको सिफारिस,कार्यक्रम सञ्चालनको तालिका,पाठ्यक्रम |
| | ट्राफिक नियम सम्बन्धी | | २,७५,००० | विद्यालयको सिफारिस,<br>कार्यक्रम तालिका र पाठ्यक्रम |
| ४६६/०३।३१ | विविध कार्यक्रम | राहुल यादव | ३,५०,००० | कार्यक्रमको पुष्टाई प्रमाण पेश गर्ने |
| ४६७/०३।३१ | महिला हिसां विरुद्ध जनचेतना | उतम कुमार उपाध्यय | ८,००,००० | वडाको सिफारिस, पाठ्यक्रम/हेन्साउट |
| ४६८/०३।३१ | विद्यालय छात्रा क्षमता अभिवृद्धि | प्रकाश कुमार शाह | ४,००,००० | वडाको सिफारिस, प्रशिक्षकको C.V. |
| | यौनदुर्व्यवहार तथा जङ्कफुड सम्बन्धी | | ४,००,००० | वडाको सिफारिस, प्रशिक्षकको C.V. र पाठ्यक्रम /हेन्डआउट |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१९९,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,७३,०४४ |

८४ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शीताको प्रवर्द्धन गर्नु पर्दछ।

८५ **अन्य संस्था/निकायलाई भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका निम्नानुसार कार्यालयलाई रू.९,२६,८८३ खर्च लेखेको छ। यसरी अन्य निकायको खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। पालिकाले यो वर्ष भुक्तानी/सामग्री दिएका केहि उदाहरण यस प्रकार छनः

| सि.नं. | भुक्तानी/ समान पाउने संस्था | भुक्तानी रकम | कार्य/ समान विवरण |
|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | २९८८८३ | नयाँ भवनमा CCTV जडान |
| २ | जिल्ला न्यायधिस कार्यालय | ४७८००० | क्वाटर निर्माण कार्य |
| ३ | सरकारी वकिल कार्यालय | १५०००० | ग्यारेज निर्माण |
| | जम्मा रकम | ९२६८८३ | |

## ८६ निर्माण स्थलमा उपस्थित व्यक्तिलाई स्वागत सत्कार

नगरपालिकाले उपभोक्ता समिति र निर्माण व्यवसायीबाट कोटेशन मार्फत खरिद गरेका योजनाहरूको निर्माण स्थलमा उपस्थित व्यक्तिलाई स्वागत सत्कारको लागि विभिन्न भौचरबाट कर्मचारीको नाममा खर्च लेखेको छ। योजना सम्झौता भइसकेपछि उपस्थित व्यक्तिलाई स्वागत सत्कार लगायतका कार्यमा खर्च गरेकोले आर्थिक व्ययभार बढ्ने मात्र देखियो। पालिकाले उत्पादत्तव तथा निर्माण कार्यमा लगानी लगाई यस्ता अनुत्पादत्व खर्चमा नियन्त्रण गर्नुपर्दछ। पालिकाले देहायका भौचरबाट खर्च लेखी स्वागत सत्कारको लागि भुक्तानी दिएको छ।

| भौ.नं.।मिति | कर्मचारीको नाम | पद | रकम |
|---|---|---|---|
| ९७-०८०।१०।१२ | अमिर कुमार गिरी | सुपरभाइजर | २५३४१ |
| ९१-०८०।१०।४ | जितेन्द्र कुमार भारती | जिन्सी शाखा प्रमुख | ३२३३२ |
| २६८-०८१।३।२४ | | | २३९७०३ |
| ४५-०८१।२।९ सशर्त पुँजी | | | ५०००० |
| | जम्मा रकम | | ३४७३७६ |

## ८७ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक सहयोगको रूपमा विभिन्न धार्मिक पुजाआजा खर्च तथा सहयोग जस्तो कार्यमा देहाएअनुसार वडास्तरीय र नगरस्तरीय गरी कुल रू.२३,२१,८०० भुक्तानी दिएको छ। खरिद गरेको समाग्री सबैले अनुपातिक रुपमा प्राप्त नगरेको तथा वितरणको कार्यविधी र छनौटको आधार समेत नराखी वितरण गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ, यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गर्नुका साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। नगरपालिकाले यो वर्ष वितरणमुखी शिर्षकमा गरेका केहि खर्चहरूको उदाहरण यसप्रकार छन् :

| वडा नं. | खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|
| वडास्तरीय वितरणमुखी खर्चको विवरण | | |
| १ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | ३००००० |
| २ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | ६५०००० |
| ३ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | २५६८०० |
| ४ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | ५७००० |
| ५ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | १०९५०० |
| ६ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | ६००००० |
| ७ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | १९८५०० |
| ९ | धर्म, संस्कृति प्रवर्द्धन, मेला तथा पूजाआजा र आर्थिक सहयोग सम्बन्धी कार्य | १८०००० |
| जम्मा रकम | | २३२१८०० |

### ८८ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कुनै व्याक्ति वा संस्थालाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैँन। आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिँगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ। यो वर्ष आर्थिक सहायता भनी रु ५,००,००० वितरण गरेको देखिन्छ। जुन आन्तरिक आय रु २,१८,६३,९६६ को २.२९ प्रतिशत देखिन्छ। यस्तो आर्थिक सहायता वितरण गर्दा पालिकाले अनुदान तथा आर्थिक सहायता दिने सम्बन्धी कार्यविधि बमोजिम रु ५०,००० सम्म वितरण गर्ने गरेको कार्यालयको भनाई छ। तर सो सम्बन्धी कार्यविधि लेखापरीक्षणका क्रममा पेश नभएकाले एकीन गर्न सकिएन। आर्थिक सहायता वितरण गर्दा कतिपय पर्याप्त कारण उल्लेख नगरी आर्थिक अवस्था कमजोर भन्ने निवेदनका आधारमा आर्थिक सहायता वितरण गरेको छ भने केहीमा लाभग्राहीको पहिचान खुल्ने तथा अस्पतालको कागजात जस्ता पुष्टाई गर्ने प्रमाण समेत समावेश नगरी भुक्तानी गरेको देखिन्छ। पालिकाले अनुत्पादक आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्दछ।

### ८९ इन्धन खर्च

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को अनुसुचि १ (ख) मा नगरपालिका प्रमुख तथा उपप्रमुखलाई प्रति महिना १२५ लिटर इन्धन र चौमासिक रुपमा १० लि मोबिल सुविधा उपलब्ध गराउने व्यवस्था छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु ३५,६४,९५४ र इन्धन पदाधिकारी शिर्षकमा रु ७,६८,७२६ गरी कुल इन्धन खर्च रु ४३,३३,७२६ खर्च लेखेको छ। उक्त मापदण्ड अनुसार प्रमुख र उपप्रमुखले प्रयोग गर्ने सवारी साधनलाई वर्षभरी १५०० लिटरको दरले रकम खर्च गर्न सक्ने देखिन्छ। उक्त खर्च मापदण्ड अनुसार १ सवारी साधनमा बर्षभरीमा पालिकाले गत वर्षको इन्धनको अधिक्तम औसत दर रु १६५ लाई आधार लिदाँ प्रमुखले बर्षभरिमा रु. २,४७,५०० मात्र खर्च गर्न सक्ने देखिन्छ। यसरी पालिकाले मधेश प्रदेशले तोकेको अधिक्तम सुविधाभन्दा बढी इन्धन प्रयोग गरी खर्चको बढी व्ययभार पर्न गएको देखिन्छ। पालिकाले ईन्धन सम्बन्धी मापदण्ड विकास गरेतापनि सो अनुसार कर्मचारीहरुलाई वितरण गरेको बिल, भरपाई र अभिलेख राखेको देखिदैँन भने अन्य निकायलाई समेत वितरण हुने गरेको देखिन्छ। सवारीसाधन अनुसार इन्धन खर्चको विवरण खुल्ने लगबुक र अभिलेख स्पष्ट रुपमा राखेको देखिदैँन। पालिकाले यस्तो ईन्धन खर्चमा रजिष्टर राखी ऐनले तोकेको परिमाण भन्दा बढी परिमाणमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

### ९० सवारी साधन तथा मेसिनरी औजार मर्मत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। म.ले.प.फारम नं ४१४ मा मर्मत गर्नुपर्ने सामानको विवरण स गर्नुपर्ने कारण लागत यस अघि मर्मत गरेको मिति र रकम लगायत उल्लेख गर्नुपर्ने छ। सोही वमोजिम कार्यालयमा रहेको जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा मर्मत अभिलेख तयार गरेपनि व्याक्तिमार्फत भुक्तानी गरेको र मर्मत गरिएको सामग्रीको जिन्सी दाखिला गरेको देखिदैँन। सवारी मर्मतमा गत वर्षको भुक्तानी समेत गरी रु २३,०४,००० र सार्वजनिक सम्पतिको मर्मत संभारमा रु ८,७१,२४३ खर्च लेखेको छ। नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

## ९१ घरभाडा

सार्वजनिक खरिद नियमावलीको नियम ९४ (१) मा सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने र उपनियम ६ मा भाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम घर भाडामा लिनुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष घरभाडा बापत रु ३,४०,०८० खर्च लेखेको छ। घरभाडाको दर दररेट निर्धारण समितिबाट निर्धारण भएको देखिएन। यसरी दररेट निर्धारण नगरी घरधनीसँग सिधै सम्झौताको आधारमा खर्च गरेको देखिन्छ। कानूनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्दछ।

## ९२ नेपाल प्रहरी श्रीमती सघंलाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कुनै व्याक्ति वा संस्थालाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४० (५) मा कुनै संघ सस्थालाई दिएको रकम जुन कामका लागि दिएको हो सो कामको लक्ष्य अनुरुप खर्च गरे नगरेको, त्यस्तो रकमको कानून बमोजिम लेखापरीक्षण भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.न. २१/०६/३० बाट नेपाल प्रहरी श्रीमती संघलाई सहचारी स्मारीका प्रकाशन गर्नका लागि रु ५० हजार भुक्तानी गरेको रकम नियसंगत मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

## ९३ बारुण यन्त्र दुर्घटना बीमा दावी

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ मा नेपाल सरकाले व्यहोर्नुपर्ने आर्थिक दायित्व व्यवस्थापन सम्बन्धी व्यवस्था छ। पालिकाको मातहत रहेका ना १ ग ७८८ नम्बर प्लेटको बारूणयन्त्र मिति २०८०।१।१२ मा राति १२:१५ बजे आगो निभाउन जाने क्रममा दुर्घटना भई चालक सहित ५ जना नगरकर्मचारी गम्भिर घाइते भएको र बारूणयन्त्र पूर्णरूपमा क्षति भएको घटनाको सम्बन्धमा पालिकाद्धारा पेश गरिएको स्रेस्ता अनुसार देखिएका व्यहोराहरू निम्नानुसार छनः

९३.१ पालिकाले सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड, बिरगंज बाट उक्त बारूणयन्त्रको बिमा गरेको र पहिलो किस्ता (प्रिमियम) वापत रू.५३,०५७.३९ पनि तिरेको देखिन्छ। पालिकाले बारूणयन्त्र मर्मत र घाइते उपचारमा गरी कुल रू.३०,२५,६१४ खर्च गरिसकेको र एकजनाको उपचार अहिलेसम्म पनि उपचार भइरहेको जनाएको छ। सम्झौता अनुसार इन्स्योरेन्स कम्पनीले गाडि मर्मत र उपचार खर्च व्यहोर्नुपर्नेमा इन्स्योरेन्स कम्पनीले रू.१२,९३,८०० मात्र तिरेकोले बाँकी रकम सागरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडसँग दावी लिएको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,३१,८१४ |

९३.२ नगरपालिकाले अशोक एलटी ईन्जिनियरीङ्ग सर्भिसेज प्रालि (६०३४९७४४१) बाट क्षतिग्रस्त बारूण यन्त्रको मर्मतको लागि मर्मत सम्बन्धी लागत अनुमान तयार नगरी टुक्रा खरिदको आधारमा मर्मत गरी नगर चालु शिर्षकको भौ.नं. १३१-०८०।८।२६ बाट रू.९,९८,००० र नगर पूँजी शिर्षकको भौ.नं. ५८-०८०।८।२६ बाट रू.५,७४,००० गरी कुल रू.१५,७२,००० भुक्तानी दिएको छ। आकस्मीक दुर्घटना भएको र बारूणयन्त्र छिटो मर्मत गर्नुपर्ने भएकोले छोटो प्रक्रियमा जानुपर्ने कार्यालयको भनाई रहेको छ। कार्यालयले सार्वजनिक खरिद गर्दा नियम कानूनको पालनामा ध्यान पुर्याउनु पर्छ।

## ९४ व्याक्तिमार्फत भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसमान खरिद गर्न नसकिने भएमा कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने व्यवस्था छ। त्यस्तै सुत्र प्रणालीमार्फत कारोबार गर्दा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर विधि पनि शुरु भैसकेको भएतापनि पालिकाले निम्नानुसार खर्च भुक्तानी गर्दा सम्बन्धित संस्था/फर्मलाई भुक्तानी नदिई व्यक्ति मार्फत भुक्तानी गरेको पाइयो। यसरी खर्च भुक्तानी गर्ने प्रवृत्तिमा सुधार गरी कारोबार भएकै संस्था वा फर्मलाई नै भुक्तानी गर्नुपर्दछ। त्यस्ता केही उदाहरण निम्नानुसार छनः

| गो.भौ.न./ मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| ३९५/ ३ / १४ | बिबेक कुमार सहनी | विभिन्न कार्यक्रम सञ्चालन | ३,९५,२१५ |
| २७/ ०६।२४ | रविन्द्र शाह | विविध कार्यक्रम खर्च | २,००,००० |

## ९५ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। तर पालिकाले गतवर्षको कर्मचारी पारिश्रमिक तथा पोशाक भत्ता जस्तो अनिवार्य दायित्व समेत भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी तथा बजेटमा समावेश गरी भुक्तानी दिएको देखिन्छ। पालिकाले चालु तर्फ गत वर्षको भुक्तानी बाँकी जम्मा रु १,३१,२०,३३१ भुक्तानी गरेको छ जुन चालुखर्च रु १२,२०,६६,१८८ को १०.७५ प्रतिशत देखिन्छ। संघीय सरकारबाट प्राप्त राजस्व वाँडफाडँको रकम समयमै प्राप्त हुन नसकेको कारण बिगत वर्षको भुक्तानी बाकीँ रहेको पालिकाको भनाई छ। आधारभुत दायित्व समेत नखाम्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण गरी यथार्थपरक बजेट निर्माण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। यस सम्बन्धी केही उदाहरणहरुः

| **गो.भौ.न./मिति** | **शिर्षक** | **रकम** |
|---|---|---|
| ०३/०६।०१ | गत बर्षको कर्मचारी पारिश्रमिक | ८४,३०,४७४ |
| ०५/०६।०१ | गत वर्षको कार्यपालिका र वडा समिति बैठक भत्ता भुक्तानी | ७६,००० |
| ३५५/०२।३१ | गत वर्षको अनुगमन भत्ता भुक्तानी | १,४९,५०० |
| ०६/०६।०१ | गत वर्षको ईन्धन भुक्तानी | ३,८९,३५३ |

## ९६ सामाजिक सुरक्षा तथा संरक्षण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको बुदाँ नं २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले विभिन्न ७ बैक बाट ९ वडाको लागि ११ करोड ३३ लाख ४२ हजार खर्च लेखेको छ।सामाजिक सुरक्षा वितरण गरी बाँकी रहेको रकम विभिन्न ७ बैक बाट जम्मा रु २ लाख ८२ हजार फिर्ता भई संघिय सञ्चितकोषमा दाखिला भएको प्रमाण पेश भएको छ। पालिकाले कार्यविधीमा व्यवस्था गरे अनुरुप समयमै सामाजिक सुरक्षा वितरण गरी वितरण हनु नसकेको रकम समयमै बैक बाट फिर्ता लिई संधिय सञ्चितकोषमा दाखिला गर्नु पर्दछ।

संपरीक्षणबाट थप भएको बेरुजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **डि पि आर खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याकंनको आधारहरु तोकेको छ ।पालिकाले लेखापरीक्षण क्रममा नमुनाका आधरामा पेश भएका देहायका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो बेगर सोझै खरिद गरी खर्च गरेको देखियो । साथै स्रोत नहुन्जेलसम्म डि पि आर गराउने कुनै औचित्य नरहेकोले सो तर्फ पालिकाको ध्यान जानुका साथै उक्त कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा सम्बन्धित कार्यक्षेत्रको नम्श अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा सो बेगर बजेटको आधारमा दर माग गरी खर्च गर्दा खरिद प्रक्रिया मितव्ययी भएको छ भनी आश्वस्त हुन सकिएन । पालिकाले देहायका योजनाहरुको डि पि आर गरी भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती योजनाहरू कार्यान्वयनमा आइनसकेकोले पालिकाले त्यसको कार्यान्वनयमा ध्यान दिनुपर्दछ। | ० |

| क्र.सं. | कार्य विवरण | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|---|
| 1. | लाल बकैया नदीमा झोलुङ्गे पूल | SM engineering consultancy | ४९००८१ |
| 2. | वडा नं. ८ प्रवेश द्वार डि पि आर | भेक्टर इन्जिनियरिङ्ग सर्भिस | ३१०७५० |
| 3. | वडा नं. ७ प्रवेश द्वार डि पि आर | भेक्टर इन्जिनियरिङ्ग सर्भिस | ५७७६६९ |
| 4. | लाल बकैया नदीको आई ई ए | नुतन मल्टी स्पोर्टस कन्सल्टेन्सी | ५००००० |
| 5. | कोल्ड स्टोरेज भवन | Rising engineering consultancy pvt.ltd | ४८०२५० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गौर नगरपालिका, रौतहट , गौर नगरपालिका , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुभाष कुमार ठाकुर | २०७९-४-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सोहैल अंसारी | २०७७-८-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३१०,७९० | ७,९००,१७६ | २५,१७६,५३१ | ० | ० | ६,९३५,४०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४१,३२२,८९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,८२६,५६४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३६,४९६,३३३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५२५०३४६६.०७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६५०८४६६९.४५ | **चालु खर्च** | ३२२२५४२३४.६४ |
| **प्रदेश सरकारबाट अनुदान** | १३५४७५४६ | **पूँजीगत खर्च** | १९५५०२३४८ |
| **राजश्व बाँडफाँट** | ८४०४८५९८.०५ | **वित्तीय/अन्य व्यवस्था** | १४१३९६५६९.७९ |
| **आन्तरिक आय** | २१७०९३१८.५९ | | |
| **अन्य आय** | १४४५२०२३५.७ | | |
| **कुल आय** | ६२८९१०३६७.७९ | **कुल खर्च** | ६५९१५३१५२.४३ |
| **बाँकी मौज्दात** | | २२२६०६८१.४३ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने तथा आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।